CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...पाली
...)रानीमाई
3

।।श्री:।।



291.211
MAR

...द्रमुखी रानीमाई मनकामना
एक परिचय

लेखकः- पं. विष्णुहरि सरहट्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।।श्रीः।।

चन्द्रमुखी रानीमाई मनकामन

एक परिचय

(परिर्वाधित र परिमार्जित
द्वितीय संस्करण)

लेखकः–
पं. विष्णुहरि मरहट्टा
(गोरखा निवासी)

सम्पादक :–
प्रा. ऋषिराम पोखरेल

वि. सं. २०४४ साल विजया दशमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादक :-

प्रा. ऋषिराम पोखरेल

लेखक तथा सङ्कलक :-

पं. विष्णुहरि मरहट्टा

प्रथम प्रकाशन मिति :-

वि. सं. २०४३ श्रीपञ्चमी

४) प्रथम संस्करण :-

१००० प्रति

५) परिवर्धित द्वितीय संस्करण :-

५००० प्रति

६) सर्वाधिकार लेखकमा नै सुरक्षित छ ।

मूल्य रू. १३/-

291211 MAR

९७९३५

मुद्रकः- गणेश प्रिन्टिङ्ग प्रेस, रणमुक्तेश्वर,
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

-पादक
ा. ऋषिर
लेखक तथ
पं. विष
प्रथ

वाल्मीकि विद्यापीठ-पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडामहारानी सरकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादक
ा. ऋषिर
लेखक त
पं. वि
प्रथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

क्रम संख्या	विषय	[illegible]
१)	शुभकामना	[illegible]
२)	प्रार्थना	[illegible]
३)	शुभेच्छा	अ
४)	दुई शब्द	इ–ई
५)	हार्दिक स्वागत र साधुवाद	उ
६)	मेरो अनुभव	ऊ–ऋ
७)	भूमिका	क–ट
८)	लेखको निवेदन	ठ–थ
९)	सम्पादकको भनाई	द–घ
१०)	देवीको परिचय	१
११)	मनकामना भगवतीको उत्पत्ति र...	३
१२)	सिद्ध गोरखनाथ र...	८
१३)	मनकामनाका बारेमा ·· ···	१२
१४)	राजा रामशाह र सिद्ध ··· ···	१५
१५)	मनकामनाका बारेमा पाइने ··	१७
१६)	भक्तहरूका कथा र··· ···	२०
१७)	मनकामनाको मन्दिर··· ···	२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

…)	मनकामनाका लागि …	२७
…)	मनकामनाका लागि भएका …	३१
…)	मनकामनाको दैनिक पूजा	३५
…)	लखनथापाको गुफा र चमत्कार	३६
…)	वक्रेश्वर महादेवको … …	४५
…)	मनकामनासंग … …	४६
२४)	मनकामना सम्बन्धमा … …	५१
२५)	विविध	५२
२६)	उपसंहार	५३
२७)	मनकामना एक चिनारी	५६
२८)	मनकामनाका दुई महान् पर्व	६१
२९)	लेखकले रचिएका स्तोत्रहरू	६३
३०)	पूजाहारी इन्सान बहादुरको … …	६८
३१)	लेखकको परिचय	७०
३२)	सम्पादकको परिचय	७२
३३)	मनकामना सम्बन्धमा प्राप्त सनद	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

श्री पं. विष्णुहरि मरहट्टा द्वारा लि "चन्द्रमुखी रानी माई मनकामना एक परिचय" नामक पुस्तक पढ्ने सौभाग्य प्राप्त भयो । सुप्रसिद्ध मनकामना भगवती माताको महात्म्य नजान्ने कमै नेपाली होलान् । तथापी यस पुस्तकको खोज पूर्ण लेखले गर्दा भक्तहरूलाई थप जानकारी प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । यस पुस्तकको लाभ उठाउन सबै हिन्दुहरूमा विनम्र निवेदन गर्दछु ।

श्री मनकामना माईका चरणमा सदा वन्दना सहित

भू० पू० प्र० म० नगेन्द्र प्रसाद रिजाल
अध्यक्ष विश्व हिन्दु संघ, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादक
ा. ऋषिर
लेखक तथ
पं. विष
प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रार्थना

(श्री विश्वविक्रम शाह)

पं. विष्णुहरि मरहट्टाज्यू एक नैष्ठिक हुनुका साथै श्रीमनकामना देवी भगवतीका उपासक पनि हुनुहुन्छ। उहाँको अनेक प्रयासबाट उक्त देवीको इतिवृत्तबारे संकलन भएको यस ग्रन्थको प्रकाशनको कार्यमा देवी–भक्तिको क्रममा लागीपर्ने व्यक्तिको नाताले केही सहयोग गर्न पाउँदा सन्तोष लाग्नु स्वाभाविकै हो र यस्ता कृतिहरू अरू पनि प्रकाशनमा आउँदै गरून् भन्ने प्रार्थना श्री चन्द्रमुखी रानी मनकामना आमासंग बारम्बार गर्दछु।

विश्वविक्रम शाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभेच्छा

चिरकालदेखि गोरखा मनका ना भोगटेनी ग्राममा स गरी आनुवंशका रूपमा चार पुस्तासम्म मनः- मनामाईको उपासनाका साथ नित्य देवी भागवत ठ गरेर विशेष आराधना, ब्राह्मणको शास्त्र निहित र्म–कर्म पालनगरी पवित्र जीवन व्यतीत गर्ने मरहट्टा कुल परम्पराका पं. गुण कान्तजीका कान्छा सुपुत्र मेरा अभिन्नात्मा प्रिय वयस्य कविराज पं. चूडाकान्तजीका जेष्ठ सुपुत्र पं.विष्णुहरि मरहट्टाजीले माई मनकामनाको निश्चल भक्तिमा डुबेर लेख्नु भएको किंवदन्ती सहितको चन्द्रमुखी रानीमाई मनःकामना भन्ने सानो पुस्तिका मैंले आपाततः हेरें। यसमा मरहट्टाजीले अतिसरल हृदयले शक्तिको भक्तिमा विशेष ओतः प्रोतभई नेपाल अधिराज्यको सुप्रसिद्ध पीठ देवी मनःकामना माई तथा शक्तिका परमोपासक शूरवीर-धीर-पराक्रमी शाहवंशीय राजाहरूको आदर्शमय सर्वातिशायी विशिष्ट पराक्रमको समेत छोटकरी परिचय पनि समावेश गरी लेख्ने प्रयास गर्नु भएको छ। यो प्रयास सर्वात्मना सफल बनोस् र जनता ऐतिहासिक ज्ञानबाट लाभान्वित बनोस् भन्ने हार्दिक शुभकामना अभिव्यक्त गर्दछु।

अग्निहोत्री तीर्थराज आचार्य
अग्निहोत्र शाला
पकनाजोल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भक्त कृष्ण बहादुर रानाले मनकामना मन्दिरमा पुराण वाचनको लागि एकादशी माहात्म्य गुरुलाई प्रदान गरेको ।

दुई–शब्द

माता मनकामनाका पाउमा यातायातको परवाह नगरी पिठिउँमा खर्चबर्च बोकी सपरिवार त्रिशुलीको बाटो पार गर्दै कम्तिमा वर्षमा एकपटक दर्शन–पर्शन गर्दै आइ रहेको छु । पश्चात् यातायातको सुविधा भए पछि पनि जगदम्बाका पाउमा क्षमा अर्चना बन्दना गरिनै रहेको छु। विगत वर्षहरूबाट मनकामना मन्दिर-का गुरूसंग सम्पर्क घनिष्टता बढ्दै जानुमा उनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

…गदम्बाको असीम निगाह मिलेको जस्तो लाग्दछ। …पादक… लिखित श्री चन्द्रमुखी रानीमाई मनकामना …। ऋषिर… पुस्तकको पहिलो प्रकाशनमा पनि आर्थिक सह-लेखक … गर्ने अवसर मिलेकोमा मैले आफ्नो जीवनलाई पं. वि…क सम्झेको छु। पुनः यस संस्करणमा सेवा गर्ने प्रथम…न्य पाउँदा मैले आफूलाई गौरवान्वित ठानेको छु।

अन्ततो गत्वा आमाका अनुकम्पाले पूर्व-जन्मका वासनाले यस्ता सत्कार्यमा जुट्ने अवसर पाएको जस्तो लाग्दछ।

अन्त्यमा यस्तो सौभाग्य अर्को जन्ममा पनि मिलाइ दिनोस् भन्ने करुणामयी आमामा प्रार्थना गर्दछु र यस पुस्तकको माध्यमले माताका भक्तहरूमा उत्तरोत्तर श्रद्धा वृद्धि हुँदै जाओस् भनी कामना गर्दछु।

हा राम चन्द्र हतियारहरू भिरेर
वैरीहरू वरिपरी हमला गरेर।
थाले बोलाउन मलाई भएन होस्
मेरै छ भूल अरूलाई म दिन्न दोष ॥

(विरक्त पुष्पाञ्जली)

भक्तः— कृष्ण बहादुर राना मगर
गोङ्गबु महादेवटार
वडा नं. ७, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हार्दिक स्वागत र साधुवाद

माता मनकामनाका सम्बन्धमा हा[illegible]मा पाइएका धारणा, मान्यता, किंवदन्ती र इति[illegible]मा समेतका आधारमा पं. श्री विष्णुहरि मरहट्टाजीले तय[illegible] गर्नु भएको श्री चन्द्रमुखी रानीमाई मनकामनाको एक परिचय हेर्दा साह्रै खुशी लाग्यो ।

माताका मन्दिरमा पुस्तौं देखि पुराण भन्दै आएका पण्डित खलकबाटै यो सम्पन्न हुनु थियो र भयो । यस कार्यको म हार्दिक स्वागत गर्दै वहाँलाई र सम्पादकलाई साधुवाद दिन्छु। आशा छ यस पुस्तकले अरू बढी जानकारी पाउने छन् र भक्तहरूले अझ बढी श्रद्धा र विश्वास साथ माताको सेवा गरेर लाभ पाउने छन् ।

अन्त्यमा, यस्ता कुरा अरू पनि प्रकाशमा आउन् र देवीका कृपाले जगत्‌को कल्याण होस् भनी प्रार्थना गर्दछु ।

जय मनकामनामाई !

इन्सान बहादुर थापा मगर,

२०४३ माघ १४ गते माता मनकामनाका पूजाहारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो अनुभव–

आद्याशक्ति जगदम्बाको महिमा वणन गर्न ...ा र सरस्वतीले पनि सकेनन् म एक अज्ञानी अबला-ले के भाषा शैली मिलाउँ । तथापि हाम्रा मरहट्टा परिवारमा पहिले देखिनै संस्कृत भाषामा घर व्यवहार-मा बोल्ने चलन थियो । त्यसैको केही अंश कानमा गुन्जने गर्दथ्यो । "नमो देव्यै महादेव्यै शिवायै सततं नमः" "शरीरम् व्याधि मन्दिरम्" भन्ने उक्ति छ । मानिस प्रायः जन्मे देखि नै कफ, वात, पित्त यी तीन रोग लिएर आएका हुन्छन्, त्यसमा मलाई वात अर्थात् हात गोडा सुनिने रोग थियो । यसलाई निको पार्न वैद्य–डाक्टरबाट हुने सम्म उपचार गराइयो । तर केही सोप लागेन, अन्तिम चरणमा म पुगें । अन्ततो गत्वा मेरा श्रीमान्ले भगवती स्तोत्र नित्य पाठ गरी जप गर्ने नियम विधि दिनु भयो । त्यसैको प्रतिपादन गर्दै जाँदा हाल उक्त रोग कम हुँदै गयो । पछि के हुने हो उनै आमाको निगाहा हो । मेरा अनुभवमा श्रद्धा र विश्वास साथ आमाको सेवा भक्ति गरेमा इष्ट सिद्धि हुने रहेछ भन्ने ठूलो प्रभाव परेको छ । अन्त्यमा बाल्यकाल देखि रटी रहेको–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

" हा राम चन्द्र कति जन्म बिताई पले
चौरासी लाख जुनोमा घुमि फेरि ऐले ।
यस्तो अमूल्य नरको जुनी आज पाएँ [illegible]गेमा
लागीन धर्मतिर काल यसै बिताएँ लि सार[illegible]

भनेको सम्झेर आमाका चरणमा सहस्त्रौं प्रण[illegible] [illegible]मा प्रार्थना गर्दछु ।

" शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि ? नमोऽस्तुते ।

प्रार्थी
श्रीमती हुमादेवी मरहट्टा
गोरखा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादक
प्रा. ऋषिर
लेखक त
पं. वि
प्रथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

यं यं कायमते कामं तं तं प्राप्नोति निश्चित...
(देवीक. श्लो. ४...)

हाम्रो देश नेपाल विश्वको रंगमञ्चमा पा... देव–देवी एवं मन्दिरै मन्दिरले भरिएको स्वतन्त्र हिन्दु अधिराज्यको रूपमा परिचित छ। परापूर्व किंवा सृष्टि-देखि नै अनेकौं वैदिक देव–देवीका आराधना उपासनाका तान्त्रिक र वैदिक विधि विधान परम्पराहरूको निम्ति यस देशको प्रसिद्धि प्रथम पंक्तिमा छ।

मानव वंशका प्रवर्तक महामानव प्रथम प्रजापति महाराज मनुले पनि अधि सृष्टि कर्तालि समेत आराधना गरिएको ब्रह्मा, विष्णु, महेश्वरको मूल शक्ति भगवती-को आराधना उपासना गरेको अति प्राचीन परम्परा छ।

यस नेपाल अधिराज्यको एकीकरणको निम्ति देवीको (दैवी शक्तिको) आराधना गरी भगवती मनकामनाको रूपमा मान्यता गरेर सफल भएको र राजमाता नै शक्तिरूपा भगवतीका अवतारको रूपमा रहेका तथ्य प्रस्तुत पुस्तकाले उपस्थित गरेको छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

पादकसंस्थाबाट पनि संस्थागत मर्यादा राखी पूजा–आजा गुठी आदिको व्यवस्था भएको ऐतिहासिक अविच्छिन्न परम्परा पनि प्रकाशमा आएको छ।

"यथा राजा तथा प्रजा" भने झैं राजसंस्थाको ...था अनुरूप समस्त राष्ट्रवासीले समेत माता मनः-...ामनालाई राष्ट्रिय इष्टदेवीकै रूपमा स्वीकार गरेको छ। आजसम्म पनि राष्ट्रदेवी माता मनकामनाका सम्बन्धमा कुनै पुस्तिका र सामग्री संकलित नभएको स्थितिमा संबद्ध मन्दिरका पुराण–वाचक पं. विष्णुहरि-जीको परिश्रमबाट संकलित सामग्रीका आधारमा सम्पादित प्रस्तुत पुस्तिकाले निकै ठूलो महत्त्व राख्दछ।

भगवतीका स्वरूप र आराधना उपासनाबारे हाम्रा शास्त्रीय आधार र परम्परा सम्बन्धी अनेकौं सामग्री पाइन्छन्। महामाया भगवतीका आराधना, उपासना, प्रार्थना, पूजा–आजा आदि गरी सेवा गरेमा जे जे चाहे पनि पूरा हुन्छ; निश्चय हो। यसैले भगवतीलाई मनकामनाका रूपमा पूजा आराधना गरिन्छ। हुन त शास्त्रमा निष्काम कर्मको उपदेश भएको छ ता पनि यस संसारमा उत्पन्न यावत् कीट पतङ्ग सबै चर अचरले आफ्नो भाग–भोग,संस्कार, कर्मवासना आदिको समाप्ति नगरी मोक्ष हुँदैन भनी शास्त्रले नै उपदेश

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
गरेको हुँदा यस प्रकारका पूजा-पाठ र आराधना उपासनाहरूको आफ्नै महत्त्व छ। शास्त्रहरूमा देवी, भगवती, शक्ति, इडा, भारती, सरस्वती आदि अनेकौं नाममा महामया जगदम्बाको महिमा बताइएको छ। जस्तै सारांशमा

नमो देव्यै महादेव्यै शिवायै सततं नमः

(मार्कण्डेय पुराण तथा देवी भागवतमा)

अर्थात् महादेवी, शिवा (कल्याण गर्ने) देवीलाई नमस्कार। पुराण इतिहासहरू वेदमूलक हुन्। वेदमा नभएको कुरा पुराणमा वर्णन गरिएको छैन। वेदमा साह्रै नै सूक्ष्म र संक्षिप्त गरेर बताएको कुरा पुराण इतिहासमा विस्तृत, उदाहरण सहित वर्णन भएको छ। देवीका महिमाबारे ऋग्वेदमा भनिएको छ– "संसारका सबै इच्छा–पूर्ति र दातृत्व भोक्तृत्व शक्ति देवीमा नै निहित छ।"

"दैवी पूति र्दक्षिणा" –ऋग्वेद–१०।१०७।३

यसैगरी ऋग्वेदकै अर्को मन्त्रमा भनिएको छ "देवी नै इन्द्रादि देवता र पृथ्वी, आकाश आदि लोककी आमा (जननी, माता) हुन्।"

"देवी देवस्य रोदसी जननी" ऋग्वेद ५।६७।८

ऋग्वेदकै अर्को मन्त्रमा सारांशमा भनिएको छ– "सम्पूर्ण श्रीवृद्धि ऐहिकामुष्मिक श्रेय-प्राप्तिको मनकामना पूरा गर्न देवी (मनकामना) को आश्रय गर।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"देवी द्वारो हि श्रयध्वम्" -ऋग्वेद ५।५।५

यसै गरी ऋग्वेद परिशिष्टमा भनिएको छ कि ।। पार लाउने ढुङ्गा (वा जहाज) र अन्धकारमा (प्रकाश) झैं ठूला ठूला सबैथरी भय वा विपद्- पार लाउने भगवती दुर्गा माता हुनुहुन्छ ।

महाभये समुत्पन्ने स्मरन्ति च जपन्ति च ।
सर्वं तारयते दुर्गा नावेव सिन्धुं दुरितात्यग्निः ।।

(ऋ. वे. परि. १०।१२७।२०

यसरी नै शुक्लयजुर्वेद माध्यन्दिन संहिताको २८ सौं अध्यायमा भनिएको छ ।-

"तिस्र इडा सरस्वती भारती" यजुर्वेद -२१।२९। अर्थात् देवीका तीन स्वरूप मुख्य छन् ती हुन् इडा, सरस्वती र भारती । यी तीन रूपलाई पुराणहरूमा कतै महाकाली, महालक्ष्मी, महा-सरस्वती भनिएको छ त कतै ब्राह्मी, माहेश्वरी,वैष्णवी छ । नाममा भेद या फेर बदल भए पनि देवीका शक्ति (कार्यमा) मा कुनै शंका रहेको छैन । यजुर्वेदका अर्को मन्त्रमा "तिस्रो देवी:" (२८।४१) अर्थात् देवी तीन छन् नै भनिएको छ भने ऋग्भेदमा झैं देवीले देवताको श्रीवृद्धि गरेकी हुन् भनिएको पनि पाइन्छ । –"देवी देवमवर्धताम्" (२८।३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसप्रकार नै अथर्ववेदमा देव्यथर्वशीर्षमा पनि देवीको नै महिमा वर्णन गरिएको छ। "सर्वे वै देवा देवीमुपतस्थुः कासि त्वम्" ?। साऽब्रवीत् अहं ब्रह्मस्वरूपिणी मत्तः प्रकृतिपुरुषात्मकं जगत्........." (इत्यादि) अथर्वशीर्ष-१-२ मन्त्रमा अर्थात् सबै देवताले भगवती देवीको उपासना (प्रार्थना) गरे र हजूर को हुनुहुन्छ ? भनी प्रश्न गरे। देवीले "म महादेवी हुँ। परब्रह्मको स्वरूप मैले नै लिएकी हूँ। मबाट नै प्रकृति र पुरुषरूपमा जगत्को सृष्टि (रचना) हुने गर्दछ" भन्नुभयो। यी नै माथिका कुरालाई देवीका प्राधानिक रहस्यमा यसरी बयान गरिएको छ–

स्वरया सह संभूय विरिञ्चोऽण्डमजीजनत्।
विभेद भगवान् रुद्रस्तद् गौर्या सह वीर्यवान् ॥२७॥
पुपोष पालयामास तल्लक्ष्म्या सह केशवः ॥२८॥

देवी रहस्य तीन प्रकारका छन् ती हुन् -प्राधानिक, वैकृतिक र मूर्तिरहस्य। यी तीन रहस्यले देवीको प्रधानता, देवीबाट जगत्सृष्टि प्रपंच र देवीका अनेकौं मूर्ति (स्वरूप, अवतार) हरूको बयान गरेका छन्। मूर्ति रहस्य अनुसार देवी भगवतीलाई समष्टि र व्यष्टि गरी दुई रूपमा उपासना गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
सकिन्छ । समष्टि शक्ति भनेको मुख्य एकाकाररूप वा
पादकत्रय विभावक शक्ति–तत्त्व हो । व्यष्टि भनेको दैवी
अनन्त रूपान्तर हुन् । सारांशमा ब्रह्मतत्त्वा-
देवी शक्ति समष्टि र व्यक्तिवस्तुनिष्ठ शक्ति
ष्ट हुन् । तो सगुण हुँदा त्रिरूप शक्ति बन्दछन् ।
ब्राह्मी-माहेश्वरी र वैष्णवी । तिनीहरूको उपासनाक्रम
यसरी बताइएको छ ।

१) रौद्रशक्ति गौरीलाई चतुर्भुजा महाकाली र दशाननमा दशभुजा देवीका रूपमा समष्टि उपासना गरिन्छ ।
२) ब्राह्मशक्तिलाई सरस्वती, चतुर्भुजा महालक्ष्मी अष्टादशभुजा देवीका रूपमा समष्टि उपासना गरिन्छ ।
३) वैष्णवशक्तिलाई चतुर्भुज महासरस्वती र अष्टभुजा देवीका रूपमा समष्टि उपासना गरिन्छ ।

यसैगरी देवीका अंगभूत छ देवीहरू नन्दा, रक्तदंतिका, शाकम्भरी, दुर्गा, भीमा र चण्डिका (भ्रामरी) हुन् भनी मार्कण्डेय पुराण आदिमा चर्चित छ । दे. भा. ६।५०।६०-६१)

यसै क्रममा कल्याण विशेषाङ्क (मार्कण्डेय पुराण) को पृष्ठ ३३–३४ अनुसार भगवती दुर्गाको आराधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी आफ्ना मनकामना (इच्छा) सिद्धिका निमि... दुर्गासप्तशतीका २२ छुट्टा छुट्टै मन्त्रले २२ सै कि...गेमा अनुष्ठान गरिने सिद्ध सम्पुट मन्त्रहरूको उल्लेख ...ले सारा छ । प्रसंगवशात् भगवती मनकामनाको चर्चा चलेको...मा मनकामनासिद्धि चाहने भक्त वा साधकका निम्ति...मा २२ मन्त्रको संक्षिप्तरूपमा उल्लेख गर्नु मनासिब देख्दछु ।–

(१) सामूहिक कल्याणको निम्ति "देव्या यया ततम्..." (२) विश्वको अशुभ, भय नाश गर्न "यस्याः प्रभावम्..." (३) विश्व रक्षार्थ "या श्रीः स्वयम्..." (४) विश्वको अभ्युदय निम्ति "विश्वेश्वरी त्वम्..." (५) विश्वव्यापी सबै कष्ट नाशार्थ "देवी प्रपन्नार्तिहरे..." (६) भय नाशार्थ "सर्वस्वरूपे..." वा "एतत्ते वदनम्..." वा "ज्वाला करालम्..." (७) विपद्नाशार्थ "शरणागत..." (८) पापनाश गर्न "हिनस्ति दैत्य..." (९) रोगनाशार्थ "रोगानशेषान्..." (१०) साराका पाप र उपद्रवनाशार्थ "देवि प्रसीद परिपालय..." (११) विघ्न बाधा शान्तगर्न "सर्वा बाधा प्रशमनम्..." (१२) सबै थरी समुन्नतिका निम्ति "ते सम्मता जनपदेषु..." (१३) दारिद्र्य नाशगर्न "दुर्गे स्मृता..." (१५) रक्षार्थ "शूलेन पाहि नः..." (१५) सबै विद्याप्राप्ति र मातृस्नेह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाउने इच्छा पूरागर्न "विद्याः समस्ताः..." (१६)सबै कल्याण चाहनेले "सर्वमङ्गलमांगल्ये..." (१७) प्राप्तिका लागि "सृष्टि स्थिति..." (१८)प्रसन्न- निम्ति- "प्रणतानां प्रसीद..." (१९)अनेक थरी द्रवबाट बचन "रक्षांसि यत्र..."(२०) बाधा मुक्ति पूर्वक धन पुत्रादि पाउन "सर्वा बाधा प्रशमनम्..." (२१) स्वर्ग र मोक्ष पाउन "सर्वभूता यदा..." वा "सर्वस्य बुद्धिरूपेण..." र परम शान्ति वा मोक्ष प्राप्त गर्न "त्वं वैष्णवी शक्तिः..."भने मन्त्रले दुर्गाशप्तशतीका मन्त्रहरूको संपुटित अर्थात् प्रत्येक श्लोकमंत्रको पहिले र पछाडि यो मंत्र पढी सबै (सातसय श्लोक मन्त्र = सप्तशती, चण्डी) पाठ गर्नु पर्दछ, भनिएको छ। संपुटित-पाठ, विधिपूर्वक श्रद्धा र भक्ति गरी शुद्धसंग गर्दा इच्छासिद्धि भएका धेरै दृष्टान्त पाइन्छन्। श्रद्धा भक्ति गरेर विधिपूर्वक पाठगर्नेको इच्छासिद्धि हुन्छ पनि यसमा शंका छैन।

सर्वोपास्या सर्वमाता शैवीशक्ति महाद्भुता।
नवाक्षरो मनुः प्रोक्तो भजतां कल्पपादपः"

दे. भा. ९।५०।५८

देवी भागवत् नवमस्कन्धको पचासौं अध्यायमा दुर्गोपासनाविधि र पुरश्चरणको विस्तृत उपदेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ । यस अनुष्ठानको ज्यादै ठूलो महिमा बताइएको छ ।

सार्वणिक मनुले मात्र देवीको वरले मनुपद्मै सार हैनन् सबै (२८ वटै) मनुहरूले देवीकै कृपालेभ्पा बनेका छन् र इन्द्रादि सबै देवताले देवीकै कृपा प्रसा आआफ्नो ऐन्द्रादि पद पाएका हुन्– दे.भा. ९।५०।८

शिवमध्ये गताशक्तिः क्रियामध्ये स्थितः शिवः ।।

कौलज्ञान निर्णय २।६

अन्यत्र यस्तो पनि पाइन्छ–

शक्तो यया शिवो नित्यं भुक्तौ मुक्तौ च देहिनाम्

भगवच्चन्द्रिका

यसबारे देवीभागवत वा मार्कण्डेय पुराणको पूरै अध्ययन गरेमा अरू विस्तृत जानकारी प्राप्त हुन्छ । सारांशमा "यो देवः सा देवता' देव एव देवता" अर्थात् देवता भनेको देवी हो फरक छैन । देवता भनेको देवमा रहेको शक्ति नै हो । शक्ति नभए महादेव–शिव पनि शव (मुर्दा) तुल्य हुन्छन् ।

अतः शक्तिरूपा देवीको उपासना देव, मनुष्य, दानव, राक्षस, असुर,गन्धर्व, किन्नर, नाग आदि सबै प्राणिले गरेको कुराको वर्णन पुराणमा यत्र तत्र रहेका छन् । शक्तिको सन्तुलनमा नै विश्वको शान्ति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुव्यवस्था दीगो रहन्छ । हाम्रो देशलाई शान्तिक्षेत्र ने उद्देश्य यसकै पूरक हो । अतः भगवती माता मनकामनाले विश्वमानवको य गर्ने काममा आफ्नो शक्ति लगाउन् र विश्वको हिन्दुराष्ट्र र हिन्दुसम्म्राट् राजाको कल्याण गरून् न्माता मनकामनाका चरणमा यही प्रार्थना छ ।

देवीका भक्त पण्डित श्रीविष्णुहरि मरहट्टाजीले खोज-खाज गरी तयार पार्नु भएको प्रस्तुत पुस्तक ज्यादै महत्त्व राख्दछ । यो एउटा ऐतिहासिक काम हो । यसबाट हाम्रो राजसंस्थाको इष्ट देव–देवी बारे अरू बढी अन्वेषण गर्न पहिलो पृष्ठभूमि तयार भएको छ। यस्तो पवित्र कार्य गर्ने ठूलो सुअवसर जगन्माताको प्रेरणाले वहाँले पाउनु भयो र त्यस्मा मैले पनि सम्पादक भएर केही लागिमेली गर्ने सुवर्ण मौका पाएँ । यसका लागि आमा मनकामनाको कृपा र सानो सहयोगलाई पनि ठूलो मानेर स्वीकार गर्ने पं. विष्णुहरिज्यूको उदारता प्रति पनि मतमस्तक हुँदै देवी मनकामनाका सम्बन्धमा भविष्यमा अरू महत्त्वपूर्ण तथ्य प्रकाशित हुँदै जाने विश्वा गर्दछु ।

अन्त्यमा, यो सारा विश्व ब्रह्माण्ड कै सृष्टि स्थिति संहार गर्ने शक्तिरूपा भगवती देवीको परिचय वा वहाँका मनकामना स्वरूपको परिचय पुस्तिका कसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचिन सक्नु र के नै भूमिका बताउनु भनी स्वयं ब्रह्माजीले भन्नु भएको पद्य उल्लेख गरेर बिदा लिन्छु।

यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाखिलात्मिके। तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे मया॥

(तंत्रोक्त रात्रिसूक्त ११ रौं श्लोक)

पोखरेल–निवास,
नयाँपाटी–१, सुन्दरीजल,
काठमाडौं।

जय मनकामना ?
विनीत:–
ऋषिराम पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकको निवेदन

जय जगदम्बे !

"आत्म–निवेदन"

प्रिय पाठक वृन्दहरू !

"सुपूरो मूषकाञ्जलिः" अर्थात् मूसोको अंजुलो भर्न सजिलो भने झैं आफ्नो ज्ञान र अनुभव साह्रै कम भएको म क्षुद्र प्राणीले यो सानो श्रद्धापुष्प आमा मनःकामना माईलाई चढाउन सकेकोमा धेरै खुशी छु ।

हाम्रो नेपाल देशमा निष्काम कर्मद्वारा मोक्ष हुन केही दुर्लभ छैन,दीक्षित नभई चित्त शुद्धि हुँदैन । शुद्धि विना निष्काम कर्म सफल हुन सक्दैन । त्यसकारण चित्त शुद्धि गर्नाका निमित्त संपूर्णले देवीको दीक्षा मन्त्र सुन्नु पर्छ । देवीलाई अधिष्ठाता मान्नेले देवी दीक्षा र गणेश प्रधान मान्नेले गणेश, शिव मान्नेले शिव, विष्णु मान्नेले विष्णु मुख्य मानेर दीक्षा लिनुपर्छ(एको देवःकेशवो वा शिवो वा)यसरी उपासना नगरी कसैलाई पनि कल्याण हुँदैन । जस्तो आपसमा ठूला विघ्न बाधा पर्न लागे गणेशको आराधना गर्ने,रोग कुनै उपायले पनि नाश नभएमा सूर्य,गरीब भई ऋण लागे शिवको,मोक्ष मार्गको इच्छा भए विष्णुको, दीक्षा लिनु पर्दछ । २१ सौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शताब्दी आज भोली आध्यात्मिक भौतिक इतर पक्षलाई लिएर ठूला ठूला शत्रु लागेर दुःख आपत्ति दिन लागेमा शक्तिका आराध्य देवी भगवतीको सेवा गर्नाले सारा शत्रु नष्ट भई आनन्द प्राप्ति हुन्छ । यस परिप्रेक्षमा देवताहरूले पनि "हाम्रो जन्म भारतवर्षको पुण्यक्षेत्रमा हवस्" भनी प्रार्थना गर्दछन् भन्ने कुरा श्री मद्भागवत आदि पुराणमा प्रष्ट छ । यथा सौराष्ट्रमा गणेश, मित्र वनमा सूर्य, मथुरामा विष्णु, बनारसमा शिव, गोष्ठीमा देवी, आदि आदिको उपासना बताइएको छ ।

"लेख" दोष युत यो भये पनि प्रार्थणा छ जन हो न आफल हातले सकल फाली शैवल पिउँदन कसले सफा जल ।
अथवा :– प्रमादवश बाटामा लड्दछन् हिंड्ने जन ।
हाँस्छन् दुर्जन देखेर गर्छन् मद्दत सज्जन ॥१॥

संसार धेरै फराकिलो र भगवती महामायाको माया दुष्पार छ । माता भगवतीको जति अनुकम्पा छ उति नै पाउन सकिन्छ । भाग्य र परिश्रम त पूरक (सहयोगी) मात्र हुन् । प्राप्ति त भगवतीको खटन नै हो । उनै माताका प्रेरणा र कृपाले उनको केही गुणानुवाद गर्न सकेको हुं । "पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति । तदहं भक्त्युपहृतं अश्नामि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयतात्मनः" अर्थात् श्रद्धा भक्तिले दिएको पाती, फुल, फल वा पानी मात्रै भए पनि म स्वीकार गर्दछु भन्ने भगवान्को आज्ञा शिरोपर गरी श्री मनकामनाको सम्बन्धमा आफुले देखे–भोगेका, जाने सुनेका सहयोगी आप्तहरूले सुनाए–भनेका र खोजी पस्ता भेटेका जति तथ्य सामग्री जुटाएर यो सानो टुकी सल्काएर आमाको अगाडी राखेको हो । यसलाई तेल थपेर अझ चहकिलो पार्ने काम विद्वान् पाठक र परिश्रमी अनुसन्धान–कर्ताहरूबाट हुने आशा गर्दछु ।

"या देवी सर्वभूतेषु चितिरूपेण संस्थिता" अर्थात् जो देवी सबै प्राणिमा चेतनाका रूपमा बस्नु भएको छ। वहाँको नै इच्छा भयो भने त्यो चैतन्य कुनै सहृदयी विद्वान्बाट पूर्ण होला नै ।

प्रस्तुत पुस्तकको सन्दर्भमा कसरी उठान गरौं । कुन रूपमा प्रस्तुत गरौं भनी भाई सह प्राध्यापक शिवहरि मरहट्टासंग परामर्श गर्दा केही रूपरेखा तयार पार्न भाईले सगाए । मैले मस्यौदा लेख तयार गरेपछि अब भाषागत संयोजन, पूर्वापर. सन्दर्भ र कतिपय भावहरूको प्रभावकारी अभिव्यक्ति समेत मिलाई दिने व्यक्तिको खोजमा एक दिन म वाल्मीकि विद्यापीठ काठमाडौंमा पुगें। भाई शोधकार्य गर्न बनारस गएको हुँदा भेट भएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरा सहपाठी साथी सह-प्राध्यापक श्री शिवराज आचार्यसंग यो सहयोग मागें तर वहाँले अरू नै विशिष्ट विद्वान्हरूका नाम दिनु भयो । मलाई छिटै काम सक्नु पर्ने थियो । विशिष्ट विद्वान्संग भेट्न र समय लिएर पर्खन पनि मिलेन : मलाई अपठेरै पऱ्यो तर त्यहाँका एक जना प्राध्यापकले निकै जिज्ञासा लिएर सोध खोज गर्नु भयो र आवश्यक सहयोग गर्न तम्सनु भयो। आफ्नो इच्छानुसार मैले भने जस्तै सहयोग गर्नु भयो । भाषा शुद्धि, वाक्य–संगठन, सरलता, मीठास, सान्दर्भिक संयोजन, आदि मिलाई मेरो भावमाई विस्तार र सुन्दरता थपेर पनि मेरो शैक्षिक र अनुभव सम्बन्धी स्तर एवं अभिव्यक्तिको स्वरूप चाहीं अझ सहज र अविकल बनाई सम्पादन गरेर ठूलो सहयोग गर्नु भयो । माताका अनुकम्पाले मैले वहाँबाट मेरो इच्छा अनुसारको चाहे भन्दा बढी सहयोग पाएँ । करीब १५ दिन जतिमा वहाँले मेरो इच्छा पूरा गरेर विद्वत्तापूर्ण भूमिका, निवेदन, मन्तव्य, वक्तव्य साथै पुस्तिकाको भित्री, बाहिरी स्वरूप समेतको रूपरेखा पनि तयार गरिदिनु भयो । वहाँलाई मैले धन्यवाद दिनुभन्दा वहांमा माताको कृपा रहोस् र यस्ता सहयोगी काम धेरै गर्न परोस् भनी प्रार्थना गर्दछु ।

आखिर, पुस्तकको पाण्डुलिपि त तयार भयो तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छपाउने कसरी ? भक्त र सहयोगी सज्जनको खोजी गर्दा माताका कृपाले गर्दा भेटिन गाह्रो परेन । श्रीमान् विश्वविक्रम शाहज्यूबाट यसको प्रकाशन कार्यमा समेत उदारता पूर्ण सहयोग पाएँ। यो सबै आमाकै कृपा हो। मान-पद-प्रतिष्ठा र धन दौलत आमाले दिनुहुन्छ । आमाको निम्ति आफ्नो धन, बुद्धि र बल लाउन पाउनु भाग्य हो भनी सहयोग गर्नु हुने पूज्य शाहज्यूमा माताको शुभदृष्टि रहोस् भनी उनै जगदम्बासंग प्रार्थना गर्दछु ।

यो कार्यमा विशेष सहयोग गर्नु हुने श्री फणीन्द्र राज पन्तज्यू, कृष्ण वहादुर राना मगर ज्यू, कमल बहादुर राना ज्यू एवं अन्य महानुभावहरू, माताका भक्तहरू सबैमा मेरो धेरै साधुवाद छ । यसमा अवश्य कमी, त्रुटी र वचनीयता छन् । विद्वान् पाठकहरू-बाट सो को निराकरण गर्न सुझाव र सहयोग पाएमा आउँदा संस्करणमा परिमार्जन गर्दै जानेछु ।

"गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः"

"अर्थात् हिड्ने वा काम गर्नेका प्रमादले कहीं न कहीं भुलचूक हुन्छ नै ।" तर त्यसमा विद्वान्ले क्षमा गर्नु पर्दछ ।

अन्तमा प्राप्त दुर्गा स्तव महाभारत विराट-पर्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिर कृत देवी स्तवः" को भावानुवादको रूपमा प्रचलनमा आएको रहेछ । यस बाहेक १ देखि ५ सम्मका पाँचथरी देवी स्तवहरूको पनि खोजी गरी प्रकाशित गर्ने मति र शक्ति आमाले प्रदान गरून् भन्ने प्रार्थना गर्दछु ।

देवि ? प्रपन्नार्तिहरे प्रसीद,
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरी पाहि विश्वं
त्वमीश्वरी देवि ? चराचरस्य ।।

जगज्जननी देवीका उपासक :–
पं. विष्णुहरि मरहट्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकको भनाई–

श्रद्धेय विद्वान् पाठकवृन्द ?

जगदम्बा मनकामनाका कृपाले वहांका सम्बन्धमा प्राप्त तथ्यहरूको संग्रह सम्पादन गरी प्रकाशित पहिलो संस्करण विशेष पूजा सहित श्री पञ्चमीका दिन उनै माताका पाउमा समर्पण गरिएको थियो । उक्त पहिलो प्रयत्नमा मुद्रणका साथै सामग्री संकलन सम्पादनमा पनि धेरै त्रुटीहरू स्वभावतः रहन गएका थिए ।

वस्तुतः "आँखा नै नभएको भन्दा कानो आँखा भएको पनि जाति"...भने झैं –त्यसको सबै जिज्ञासु भक्त र श्रद्धालु महानुभावहरूबाट हार्दिक स्वागत भयो। फलस्वरूप १० महीनाकै प्रसवकालको अन्तरालमा यो दोस्रो संस्करण यहाँहरूको सामु प्रस्तुत भएको छ ।

यस संस्करणमा यसका लेखक पं. विष्णुहरि मरहट्टाजीले केही सामग्री थप सङ्कलन गर्नु भएको छ र सम्पादन परिमार्जनका दृष्टिले पनि बढी ध्यान दिइएको छ । यसमा पहिलो संस्करणको पृष्ठ संख्या ४, ५, ६, ७, ८, १५, १६, २२, २४, २८, २९, ३०, ३४, ३९ हरूमा भएका कतिपय सामग्रीमा केही थप थाप र परिमार्जन भएको छ भने लेखकको भनाईमा केही अंश थपेर लेखक पूजक र सम्पादकको परिचयको अंश पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समावेश गरिएको छ ।

यथार्थमा माता मनकामनाका सम्बन्धमा अझै पूर्ण जानकारी दिन यी सामग्री अपर्याप्त नै देखिन्छन् तापनि यसबारे अरू तथ्य जानकारी प्राप्त गर्न यो एउटा दीयोको रूपमा पाठक सामु प्रस्तुत गरिएको छ । यसबाट भविष्यमा अरू विस्तृत अध्ययन अन्वेषणमा केही मात्र सहयोग पुग्न सके पनि यसका लेखक, सम्पादक र प्रकाशक समेतलाई आफ्नो परिश्रम सफल भएको अनुभव हुनेछ ।

अन्तमा पहिलो संस्करण झैं यसको पनि सर्वत्र स्वागत हुने आशा एवं विश्वास लिंदै यसको मुद्रण–सम्पादनमा पर्न गएका कमजोरी बारे जानकारी प्राप्त भएमा भविष्यमा सो त्रुटी हटाउन प्रयत्न गरिने कुरा पनि श्रद्धेय पाठकवृन्दमा सादर निवेदन गर्दछु ।

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः ।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ।।
यदक्षर–पदभ्रष्टं मात्राहीनञ्च यद् भवेत् ।
तत्सर्वं क्षम्यतां देवि ? प्रसीद परमेश्वरि ?।।

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ,
काठमाडौं ।

सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रमुखी रानीमाई मनकामना एक परिचय

१. देवीको परिचयः–

शिवजी आज्ञा गर्नु हुन्छ, "देवि त्वं भक्तसुलभे सर्वकामार्थदायिनी । कलौ हि कार्यसिद्धयर्थमुपायं ब्रूहि यत्नतः ।" अर्थात् हे देवी ? तपाईं भक्तका निम्ति सुलभ हुनुहुन्छ र सबै इच्छा पूर्ण गरिदिनुहुन्छ । अतः कलिकालमा कार्यसिद्ध गर्ने उपाय बताउनु होस् । यसको उत्तरमा देवी आज्ञा गर्नुहुन्छ- "श्रृणु देव ? प्रवक्षामि कलौ सर्वेष्टसाधनम् । मया तवैव स्नेहेनाप्यम्बास्तुतिःप्रकाश्यते ।" अर्थात् हे देब ? कलिकालमा सबै इच्छापूर्णगर्ने साधन जगन्माताको स्तुति म तपाईंका स्नेहले गर्दा बताउदछु सुन्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकार अघि अनादि कालदेखि नै कलियुगमा देवी-(शक्ति) को उपासनाबारे प्रचुर मात्रामा विचार चलेको पाइन्छ। अघि सत्ययुगमा शिवजीकी प्रेयसी सतीदेवीले दक्षका यज्ञकुण्डमा फालहाली देहपरित्याग गरेपछि महादेवले सतीदेवीको शरीर बोकी हिड्दा ठाउँ ठाउँमा अंग पतन भै पीठस्थापना हुँदा महादेवका साथै देवीको उत्पत्ति भएबाट भगवती र महादेवको सम्बन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित छ भन्ने शास्त्रोक्त प्रमाण पाइन्छ। हुनत (इक्षुरपि मधुरम् सर्करापि मधुरम् मधुच मधुरम्) उखु पनि गुलियो, चिनी पनि गुलियो, मह पनि गुलियो नै भनेझैं कार्य विशेषले देवताहरूले स्वेच्छाले देव वा देवीको रूप (अवतार) लिन्छन्: तापनि कलियुगमा देवीको विशेष महिमा शाश्वतरूपले रहेको पाइन्छ। शास्त्र अनुसार देवीका मुख्य तीन रूप छन्। महाकाली, महालक्ष्मी, महा-सरस्वती। यी तीन रूप एकाकार छन्। चन्द्रसँग चाँदनी, देहसँग छाया जस्तै छन्। अतः यिनीहरूका बारेमा बढी प्रष्ट्याई रहनु आवश्यक नभएता पनि यी तीन स्वरूपको सामान्य परिचय दिनु चाहीं उपयुक्त संझिएको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) <u>महाकाली :-</u> धनुर्बाण, गदा, चक्र, खड्ग- आदि हातमा लिएकी शरीरभरी आभूषणले सुसज्जित,यस्ति देवीको सुरगण आदिले महाकालीको रूपमा ध्यान गरेका छन् ।

(ख) <u>महालक्ष्मी :-</u> पद्म, वाण, गदा, धनु, वज्र, कुण्डिका, सुरापात्र, चर्म, घण्टा, शंख, शूल र चक्र समेत धारणा गरेकी देवीको स्वरूपलाई महालक्ष्मी भनिएको छ ।

(ग) <u>महासरस्वती:-</u> दुर्धर धनुर्वाण लिएकी गौरीका स्तनपान गरी रहेकी शरद् चन्द्रको जस्तो गौरवर्णको मुखचन्द्रले शोभायमान भएकी शुंभादि दुष्ट दैत्यहरूको संहारकारी सर्वेश्वरी देवीको नाम महासरस्वती मानिएको छ ।

<u>मनकामना भगवतीको उत्पत्ति र परिचय :-</u>

शाह वंशका पूर्वपुरूष राजा रामशाहका शासनकाल वि. सं. १६७० तिर गोरखाको एक स्वर्ण युगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिकल्पना गर्न सकिन्छ । सामाजिकनेताका रूपमा राजा रामशाह र दैवी शक्तिका रूपमा रानी लीलावती र इष्ट देवता सिद्ध बाबा गोरखको सौजन्य एवं काली भगवती मनकामनाका अनुकंपाले सो गोरखा दरबार पनि देवराज इन्द्रको सभा सुधर्मा जस्तो दिव्यता आदि ईश्वरीयसत्ले मात्र अडेको छ भन्नमा अत्युक्ति नहोला, महाराज इन्द्रको देवसभा इन्द्रप्रस्थमा हुन्थ्यो भने काली गोरख बाबा, रानी लीलावती, लखन र सिद्ध साधु सन्तहरूको सभा गोरखाको उपल्लाकोटमा हुन्थ्यो । सो सभाले भावी कार्यक्रम तयगरी शक्तिको परिचालन गराई नेपाल उपत्यका विजयको निमित्त देवीको स्थापनार्थ देवीका एक अभिन्न अंगको सेवा आराधनाको आवश्यकतालाई महसूस गरी भगवती कालीले सिद्ध गोरखनाथ बाबालाई कार्यकारीणीको रूपमा समावेश गरेको प्रतीत हुन्छ । गुरु गोरख स्वेच्छया आफ्नो यात्राको प्रकरणमा (यत्पार्श्वे विपिने हरः सहचरी वक्रेश्वरी राजते) गहन जंगलमा बसी तपस्या गर्न लाग्नु भयो । सन्तान विविध प्रकारका हुन्छन्, वीर्यज, स्वेदज, मानसिक आदि । यिनीहरूमा काली गोरखनाथको मानसिक चेली हुन् भन्ने जनश्रुति पनि यदाकदा पाइन्छ । यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखनाथले लङ्खन थापालाई सिद्धि दिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
छोरीको कल्याणार्थ बाबा सुसारेका खोजीमा यस जङ्गल-मा पाल्नु भएको प्रतीत हुन्छ। त्यस वनमा मगर जातिका एक जना मानिस चेलीहरू साथमा ली पात लिखर्टिप्न गएका बखतमा तिनको र बाबाको कुराकानी हुँदा बाबाले सुयोग्य पात्र ठहराई के खान इच्छा छ ? भनी सोधे ती मगरले खीर खाने इच्छा प्रकट गरेपछि एक भ्यागुतो रचना गरी त्यसकै दूध दुही खीर पकाई यथेष्ट खान दिई ५ मिनेटमा ८१ पटक श्वास प्रश्वास गर्न सिकाए अर्थात् प्राणायाम र ध्यानयोग सहित तत्वज्ञान आदि शिक्षा दीक्षा दिएर "अब उप्रान्त तिमी सिद्ध हुनेछौ। अब तिम्रो हाम्रो बीच भेटवार्ता गोरखा दरबारमा हुनेछ" भन्ने जानकारी समेत दिलाउँदै बाबा अदृश्य हुनु भयो। आपना दाई लक्ष्मण थापालाई योगी बाबाले अनुकम्पा गरेको देखि उनकासाथ गएका चेलीहरूले हामीलाई पनि केही कृपा होस् भनी प्रार्थना गरे। बाबाले "तिम्रा चेलीहरू यसै जङ्गलका ठूला दुई ढुङ्गाका बीचमा नाग-नागिनीको रूपमा रही दुनियाँको पूजा आजा पाउने छन्" भन्नुभयो। बाबाको भविष्यवाणी अनुसार आज भोली त्यसै जङ्गलका ठूला दुई ढुङ्गाका अन्तरमा नागनागिनीको पूजा आजा चल्दै छ। ती नागनागिनीले यदाकदा दुःख दिएकोले स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लखन थापाका दिदी-बहिनी पुनर्जन्ममा नागिनीहरू भएर जन्मेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागिनीहरूका समिपमा गरूड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तान्त्रिकहरूले गरूड स्थापना गरी पूजा आजा चलाएको पनि स्थानीय जनश्रुति पाइन्छ। तीनै थापालाई ५ बर्षको उमेरमा गोठालामा बाबाले आशिर्वाद दिनु भएको किंवदन्ती पनि पाइन्छ। पूर्वसूचित कार्यक्रम अनुसार ती मगर गोरखा दरबारमा हाजीर भएपछि गोरखा दरबारमा हुने राजसभामा एक आयाम थपियो। ती मगरको नाम लक्ष्मण थापा थियो। सिद्धि प्राप्त-गरेपछि लखन थापा भन्न लागियो। लायो खलकका ती मगरले पनि राजदरबारमा राजारानीको मनसा वाचा कर्मणा सेवा गर्न लागे। कुनै दिन रानीको रूपमा रहेकी देवीको लखन थापाले गरेका सेवाभावले प्रभावित भई काली भगवतीले थापालाई "शाहवंशले निकट भविष्य-मा नेपाल एकीकरण गर्ने छन्। सो कार्य सिद्ध गर्नका निम्ति दैवी शक्ति आर्जन गर्न तिम्रो जन्मस्थल कफेक गाउँमा महालक्ष्मी देवीको स्थापना गराई पूजा आजा गराऊ" भनी आज्ञा दिनु भयो। तदनुसार थापाले महालक्ष्मी देवी भन्ने नामकरण गरी देवीको स्थापना गरेर पूजाआजा गर्न लागे। ती देवीको सेवा गरेर धेरै जनताको मनकामनाहरू पूरा हुँदै गए। कालान्तरमा अर्थात् धेरै पछि दैवी शक्तिमा निहित भएकी महा-लक्ष्मी देवी भक्त जनमानसमा मनको कामना परिपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न माताको नामले मनकामना देवी भनी सुविख्यात भइन् । भनिन्छ महालक्ष्मीको स्थापना भएको कुरा रानी र लखन थापालाई मात्र थाहा थियो । पछि रानी सती जाँदा दिएका वचन अनुसार शिलाका रूपमा मनकामना भगवती चन्द्रमुखी रानीमाई भएर प्रकट भएकी हुन् र रानी सती जाने वेलामा लखनथापालाई दिएका वचनको परिपालन मनकामनाले गर्दछन् ।

यस सन्दर्भमा गण्डकी अंचल गोरखा जिल्ला सिमाना मर्स्याङदि नदी धर्मावती नदी (चरौदी) को संगम वेनी (मजुवा) हाल खँरेनीबाट मनकामना जाँदा पुलबाट उत्तर प्रष्ट देखिने महादेवको मन्दिर भन्दा तल एक विशाल ढुङ्गा जो देखिन्छ त्यही स्थलमा राजा रानीको चिता निर्माण गरिएको भनिन्छ ।

३. सिद्ध गोरखनाथ र रामशाहकी रानी लीलावतीसंग मनकामनाको भेट प्रसङ्ग :–

पर्व पर्वमा हुने देवसभामा भगवती काली, गुरु गोरखनाथ, मनकामना देवी, सिद्ध लखन थापा र सन्त महन्तको जमघट हुन्थ्यो । सो सभाको सभापतित्व रानी लिलावतीबाट संचालन हुन्थ्यो । जनश्रुती अनुसार सो सभा शनिश्चरबार हुने गर्दथ्यो र सो दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुने सभाको दर्शनगर्न भनी त्यहाँ शनिबार जनता जम्मा हुन्थे । सो अनुसार शनिबार आज भोलि पनि मेला लाग्ने गर्दछ । यदाकदा त्रिशुली, बुढीगण्डकी मर्स्याङ्गदीको संगम त्रिवेणीमा पनि सभा बस्दथ्यो साथै त्यस सभामा सत्संग, शत्रु-दमन, विश्वमा के भइरहेछ चर्चा परिचर्चा आदि कार्यक्रमको तय पनि हुन्थ्यो भन्ने पनि बुझिन्छ । यसै प्रसंगमा उपल्लाफोटमा भएको सभाको द्वारमा पुगी राजा निरुत्तर भई दरबार-मा आई सुकला भएछ भोलिपल्ट राजाले यस्तो सपना देखें भनि रानीलाई भन्दा "महाराज ?तपाईं ढोकाबाट भित्र प्रवेश गर्न सक्नु भएनछ, यदि भित्र पस्ने साहस गरो भित्र पाल्नु भएको भए तपाईं पनि देवांशमा पुग्नु हुने थियो । यो तपाईंको महान् भूल भो" भनी रानीले भने-पछि राजा नतमस्तक भए । त्यसपछि राजाले थापासँग रानीका बारेमा दिनपरदिन प्रश्न गर्न लागे । राजाले भगवतीको दर्शन गराईदिनु पऱ्यो भनी प्रस्ताव राखेपछि थापाले आजका तीन महिनामा पर्ने भौमाष्ट-मीका दिन हामी काशीतीर्थगर्न जान्छौं । फिर्ती सवारीमा प्रयास गर्नेछु भने । समय बित्दै गयो पछि सो मंगल अष्टमीका दिन देवीको दर्शन पाइन्छ भनी राजा प्रतीक्षा गरी बसे । तीर्थ यात्राको लागि सवारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
भई फिर्ता सवारीमा दरबारको प्रांगणमा राजा बसिरहे, सवारी भित्रिदा देवी स्वरूपा सिंहवाहिनी भगवतीको दर्शन पाए र नेपाल एकीकरण गर्न सक्छु कि भनी प्रश्नगर्दा "तपाईं सक्षम हुनुहुन्न, बरू तपाईंका सातौं पुस्ता यो काममा सफल हुनेछ" भन्ने आज्ञा गरी देवी शक्तिको अन्तर्ध्यान गराई पर्थिवदेह धारणा गर्नु भयो । साक्षात् महालक्ष्मीले उसबेला नर-रूप धारणगरि लीलावती रानीको रूपमा रही कार्यभार समाली राम–राज्य झैं सुव्यवस्था गर्न गोरखा दरबारमा राजालाई राजपाठमा योगदान दिनु यो सबै ईश्वरीय देन हो भनेमा अत्युक्ति नहोला । यसरी थापा र राजाका आपसमा आत्मीयता प्रति दिन बढ्दै गयो । यसै क्रममा राजसभामा एकदिन लखन थापाले खित्का छोडी हाँसे । किन हाँसेको भनी सोध्दा पाल्पामा परोहरूको नाचमा नर्तकी (नाच्ने) को फरिया फुस्किएको हास्यास्पद घटनालाई देखेर हाँसेको भनी जवाफ दिए । यसरी नै एकदिन सभामा चिन्ता व्यक्त गर्दै ओडेको खाष्टो निचरी देखाई दिए । त्यो पनि सोध्दा काशी भागीरथीमा नाउ डुबी मानिस र धनजनको क्षति भएको बताए यस्ता घटनाहरू बुझ्दा सहीसत्य देखियो ।

एकदिन दरबारको प्राङ्गण अर्थात् टुडिखेल (हालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेलि-प्याड)मा सभा बसिरहेको थियो । अचानक थापा त्यसै समीप केही अग्लो एउटा ढुङ्गामा चढेर हेर्दै वस्तु-स्थिति बुझ्न तल्लिन हुन लागे । क्रमशः उनले एक घर खाडीको खास्टो ओढी त्यस ठाउँमा कार्यरत हुन लागे । उनी शरीरबाट चुहेका पसिनाले डुब्न लागे । धेरै बेर पछि कार्य संपादन गरी पुनः सभामा आए । राजाले सोध्दा "अकस्मात् चरौंदी पारी एक ठाउँमा आगलागी भई धनजन क्षति भएछ र सो ठाउँमा गई खोलाको पानी ल्याई आगो निभाई वस्तु स्थिति शान्त गरी आएँ" भने । यो सुनी सभासद आश्चर्य चकित भए । अन्तमा सो घटना–स्थलमा समेत बुझ्न पठाइयो । त्यहाँका अपार जनसमूहले एक जना यस्ता खालका साधु आई नदीबाट पानी ल्याई अग्नी शान्त गराई भरखर यहाँबाट फर्के । शायद घाटमा भेट पनि हुनु पर्ने हो भने पछि सोही कुरा गुप्तचरले दरबारमा आई बताए पछि झन् आश्चर्ययुक्त भए । सो ढुङ्गामा बसि थापाले सत्य घटना देखेको हुंदा त्यसलाई सहि सत्य दिग्दर्शन पाउने ढुङ्गा भनि अझै पनि भनिन्छ, तर त्यो संकेत यी चर्म चक्षुले भेट्टाउन मुस्किल छ,कोही साधु महात्माबाटमात्र संभव छ । यस प्रकरणमा थापाज्यूको तथ्य घटनाहरू परामर्श हुँदै आएपछि एकदिन लखन थापालाई एकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय विशेष कार्यक्रमको तय गरी ४,५ ठाउँमा निम्त्याइयो, पछि हेर्न जाँदा सबै ठाउँमा थापाको उपस्थिति भेटाइयो।जसरी भगवान् श्रीकृष्ण सबै रानीका खोपीमा राजहुन्थ्यो उसरी नै लखन थापा पनि सर्वत्र देखा पर्न लागेपछि दुनियाँ सबै आश्चर्य चकित भएका थिए भन्ने पनि जनश्रुति पाइन्छ ।

४. मनकामनाका बारेमा विभिन्न मत–मतान्तरहरू :

(क) रानी लीलावतीले देवीशक्तिको परित्याग गर्ने अवसर आएकोले होला कालगतिले राजाको पनि देहान्त भयो । भगवतीले गोरखाको भू-भागमा हुनुपर्ने भूभार पनि करीब सकिएकोले पनि हुनसक्छ, (तापनि यो लीला देखाउने पनि उनै देवी हुन् भन्ने स्थानीय जन-विश्वास छ) गोरखादरबारमा राजाको आकस्मिक निधन हुनाले जनता ज्यादै नै शोकाकुल भयो । केही बेर शोक बेग रोकी धैर्य अवलम्बन गरी अन्त्येष्टिको लागि शवलाई बेनीमा लगियो । चिता निर्माण गर्न अपार जनसमूह एकत्रित भए शोक सन्ताप र पश्चात्ताप गर्नलागे । हुन पनि यो दयनीय अवस्थालाई देख्दा शिला भ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राजा रामशाहका साथ रानी लीलावती
सती गएको स्थल (मर्स्याङ्दी र दरौंदोको दोभा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पग्लंदो, वृक्ष भए झुक्दो हो । चिता तयार भए-पछि मृतक राजाका शरीरका साथमा रानो सती जान तयान भईन्। लखन थापा त्यस बखत बढी चिन्तित हुन लागे । अन्तमा रानीबाट हुकूम-भयो "बाबु ? तिमी खेद नगर, यो कार्यक्रम अवश्यम्भावी छ। तिमी जस्तो सिद्ध ज्ञानी पुरुष-ले यस्तो विचलितहुन ठीक छैन, बरू तिम्रो जन्मथलमा मेरा प्रेरणाले मेरो प्रतीक पूर्व-स्थापित जुन महालक्ष्मी छन्, आजसम्म ती देवी गुप्तशक्तिमा अन्तरनिहित थिइन् भने अब उप्रान्त शिलाको रूपमा प्रकट भएर भक्तवत्सला बनी रहनेछन् । सबै नरनारीले दर्शन पूजा-आजा गर्न पाउने समेत व्यवस्था मिलाउने गहन जिम्मेवारी अब तिम्रो फाँधमा आउने छ। तिमीले यही कार्यक्रमका परिचालन गर्नु" भनी लखन थापालाई रानी देवीबाट अन्तिम हुकूम बक्स भयो ।

त्यसपछि सिद्ध लखन थापा आफ्नो जीवनमा एक अमूल्य रत्न(मणी)हराएको अनुभव गरी जङ्गल पसे। यता कफेक गाउँमा किसानले हलो जोत्दा हलोको फाली अड्की खनेर हेर्दा एक शिला देखा पऱ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो शिलामा रगत पसीना आदि तरल पदार्थ बगिरहेको देखेर त्यहाँका मानिसहरू सशंकित भई छलफल हुन लाग्यो । लखन थापा पनि सपनामा भएको परिचयबाट त्यहीं आइपुगे । पूर्वसूचित रानीका इच्छा अनुसार सबैलाई सान्त्वना दिलाउँदै माईलाई राज गराउने मन्दिर निर्माण-गर्न भूमिशोधन अर्थात् ठाउँ सम्याउन लागे। दिन-भर त्रिमूर्ति महाकाली, महालक्ष्मी, महासरस्वती स्थापना गरिछोड्यो । रातभरमा छ मूर्ति खडा भई रहँदो रहेछ त्यसमा कुन सक्कली कुन नक्कली छुट्याउन नसकी चिन्तित भई २१ दिन सम्म अनुष्ठान गरेर बसेपछि पुनः त्रिमूर्तिमात्र देखापर्न थाले । त्यसबेला देखि दैनिक पूजा-आजाको चाँजो पाँजो बसाले छन् । थापाले घन प्रहार गरेको डाम नियालेर हेरेमा त्यहाँ स्थापित देवी कुमारीका अगाडिको शिलामा देखिने चिप्लो भाग हो भनिन्छ ।

(ख) गोरखामा काली, कफेकमा मनकामना, छिप्केश्वरीका चुचुरामा छिप्केश्वरी, मुग्लिङ टापुमा इच्छाकामना समेत यी चार देवीका पूजाहारी खास गरेर मगर जाती नै पाइन्छन् । यी चार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशामा बसी अघि यदाकदा सभा संचालन पनि गर्ने किम्वदन्ती पाइने हुँदा आपसमा यिनीहरू दिदी बहिनी हुन् भन्छन् । आजभोलि पनि मेला लाग्दा अघिल्लो दिन इच्छाकामना र भोलीबेर मनकामनाको मेला लाग्ने गरेको पाइन्छ ।

(ग) रामशाहको आमा त्रिपुरा सुन्दरीमा दैवी शक्ति प्रचुर मात्रामा थियो । पहिले देखि नै सो शक्ति स्त्रीहरूमा निहित हुंदै आएकोले शक्तिरूपा कुलबधु रानी लीलावतीमा दिव्य दीप्तिले वास गरेको हो । आफ्नी बुहारी रामशाहकी दुलैलाई मनकामना स्थापना गराउन भनी सबै कार्यक्रम मिलाई रामशाहको आमा चाहीं आफु अन्तर निहित भएकी रे पनि भन्दछन् ।

५. <u>राजा रामशाह र सिद्ध गोरखनाथसंग लखन थापाको भेटवार्ता र लखन थापाको गुफ़ा :–</u>

(क) राजा रामशाह गोरखा दरबारमा रही शासन- गर्दा न्याय नपाए गोरखा जानु भन्ने जुन उक्ति चरितार्थ छ त्यसको कारण के भने गोरखा दरबारका भारदारमा गुरु गोरखनाथ, रानी लीलावती, सिद्ध लखन थापा आदि सबैको उपस्थिति र न्याय निसाफले पनि तिनताक गोरखा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिद्ध लखन थापाको गुफा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को न्याय–प्रसिद्धि हुन सक्यो । गुरु गोरखका असीम निगाहले लक्ष्मण थापालाई सिद्ध बनाए-पछि थापा राजदरबारमा आई राजकाजमा राजा-लाई पूरा सहयोग गर्न थाले । गुरु गोरखनाथ, भगवती, लखन थापा अरू सन्त–महन्तको समागम भई ब्रह्माजीको ब्रह्मलोकमा देव–सभा बसेझैं गोरखा दरबारमा राजसभा बस्दथ्यो । सोही सभामा विभिन्न कार्यक्रमको तालीका बनाई लागु हुन्थ्यो ।

(ख) वक्रेश्वर महादेवको गहन जंगलको केही यता डाँडामा एक चमत्कारी गुफा छ । आजभोली पनि गोरखाका पदयात्री आबाल वनितामा प्रसिद्ध गोरखनाथको गुफाबाट बगेको जल र दूध त्यहाँबाट यदाकदा निस्कन्थ्यो र सिद्ध साधु त्यो गुफाबाट पसी गोरखनाथका गुफामा निस्कन्थे भन्दछन् । पछि गएर लखन थापा अलिपएकाले त्यो गुफाको नाम हिजो आज लखन थापाको गुफा भनिएको छ ।

६. <u>मनकामनाका बारेमा पाइने जन–विश्वास र जन-धारणाहरू :–</u>

(क) हुन त देव–देवता र धार्मिक स्थलहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
(यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी) अर्थात् जसको जस्तो भावना छ उस्तै सफलता मिल्छ । त्यसमा पनि (ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्) भन्ने भगवतीको वचनै छ । चन्द्रमुखी रानी मनकामनाको सही इतिहास ज्ञात हुन धेरै खोजी बाँकीनै छ । आद्या शक्ति-रूपा महामाया मनकामना देवीको महिमा वर्णन-गर्नु सामान्य कुरा नभएकोले त्यसमा मेरो के सामर्थ्य । तथापि महालक्ष्मीको रूपमा स्थापना भएको र प्रतिष्ठित भइसकेपछि भक्त जनको इच्छा परिपूर्ण हुँदै गएबाट विश्वास बढ्दै जाँदा सयौं वर्ष अघि देखि शारीरिक कष्टको परवाह नराखी कैयौ कोष एवं थुप्रै दिन सम्म टाढाबाट आउने नरनारी र यति सम्म कि आफुले खाने खाद्यान्न सहित पिठ्यूमा बोकी घर्त्र्दै पर्त्र्दै देवीका पाउमा सेवाभाव पुऱ्याउन आउने जाने गर्दछन्। यसरी आउने दर्शनार्थीहरूले आमाको दर्शन गरेपछि आफ्नो मनकामना पूरा हुने गरेको पनि पाइन्छ । यसैबाट जीवन्मुक्ति समेत पाइन्छ भनी दृढ विश्वास मान्दछन् । जगदम्बाले पनि साधकले कुनै कामना वा इच्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखी भक्तिभाव गरेमा (यं यं कामयते कामं तं तं प्राप्नोति निश्चितम्) माता भगवतीले पुऱ्याउछिन् पनि । कति मानिसले त जीवनमा ३ पटक दर्शन गर्न पाएमा आफ्नो जीवन सार्थक मान्दछन्

(ख) प्रथम विश्वयुद्ध सन् १९१४, द्वितीय विश्वयुद्ध सन् १९४५ ताका बृटिश सरकार र भारत सरकारका सेनामा भर्ना हुने नेपाली दाज्यूभाइ-हरू देश परदेशमा रातदिन आमाको नाम ली बस्दथे, भाकल गर्दथे । यता घरका परिवारले पनि आफ्ना परिवारको लडाँईमा जाँदा समेत रक्षा गर भनि भाकल गर्दथ्यो। यसरी विदेशबाट जवानहरूले र अभिभावकले भाकल गरेको गहन जिम्मेवारीको कार्यभार समेतले होला जगन्माता मनकामनाका मूर्तिमा केही दिन खल खल पसीना आयो र सो पसीना रूमालले बारम्बार पुछिदिने मानिस अझै जिवीतै पाइन्छ । ती वेलाका जवानहरू छुट्टिमा घर आई आमाका पाउमा श्रद्धाभक्ति र विश्वासपूर्वक पूजा पंचवली आदि चढाएका प्रशस्त चर्चा सुनिन्छ र अझै पनि यस्तो चलन छँदैछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) आजभोलि त विश्वको एक मात्र हिन्दु अधिराज्य नेपालका मात्र नभई विश्वका कतिपय अन्य मित्रदेशका हिन्दु धर्मावलम्बीहरू समेत चार पाउ टेकी वामेसरी लड्दै पड्दै भए पनि माता मनकामनामा पुगेर बलि, पूजाआजा अथवा सात्विक पूजा समेत गरी फर्कन्छन् ।

७. भक्तहरूका कथा र देवी कृपाका चमत्कारी – केही घटना :–

(१) आज भन्दा सय बर्ष अघि ठमेलका एक जना भट्टराई ब्राह्मणले मन्दिरमा आई बाल पुकार (आमा भनी बाल मुकुन्दले पनि रुँदा रुँदामा जननी तिमी भनी) यो श्लोकको अनुष्ठानमा बसेपछि आमाको साक्षात् दर्शन पाई सिद्धि प्राप्त गरी घुम्दै जाँदा लखन थापाको गुफा भित्र ढिकी, जाँतो, बगैंचा, फेला पारी बगैंचाको २ दाना पाकेको अमिलो टिपी बाहिर ल्याई बाँडेछन् । उक्त भट्टराई ब्राह्मणका सन्तान पकनाजोलमा पनि रहेछन्, जो अद्यावधि गोरखा दरवारमा बडा दशैं,चैत्र दशैंहरूमा मूल पुरोहित भई आउने गर्थे, उनै भट्टराइका सन्तान पनौति तिर पनि छन् र ठमेलकै शाखा सन्तानबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा अमराइमा आई बसोबास गर्ने भट्टराई-हरू पनि छन्, जो गोरखा–दरबारमा पुरोहित समेत छन् । सो बालपुकार हाल पनि यस परिचयका लेखक–(म) संग सुरक्षित छ । जिज्ञासुले संपर्कगरी हेर्न सक्नु हुनेछ ।

(२) त्यसको केही वर्ष पछि काठमाडौंका एक जना ब्राह्मण आई देवलमा अनुष्ठानार्थ बसी जगदंबाको दर्शन पाई एक ख्याति प्राप्त कार्य गरेछन् । त्यस बखत अमेरिकामा लागेको रोगको यहीं बसी फोटो खिची भविष्य वाणी गर्दा मानिस चकित पनि भएछन् । दुई देशका सरकार सरकार बीच घटनाको आदान प्रदान भएपछि अमेरीकी सरकारले निज ब्राह्मणलाई डा० को उपाधि पनि प्रदान गरेछन् । यो कुरा मनकामना र गोरखाको इतिहास हेरेमा ज्ञात हुने नै छ ।

(३) यसै प्रसंगमा गोरखा च्याङलीका कर्णेल परिवार-का एक जना धनी साहुले आफ्नो अन्न बेच्ने समयमा महँगो गरी नबिकेको हुँदा "अब पृथ्वीमा पानी नपरोस् मेरो अन्न बिकोस्" भनी भाकल समेत गरेछन् । एक दिन जंगी बोका लिएर पूजा गर्न पनि आएछन् । साँझमा पूजा गर्न लाग्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजाहारीले नाम गोत्र र भाकल सोद्धा अक्मकाए छन् । पूजा सकी बोका पर्सदा हर तरह गर्दा बोका पर्सेनछ र पूजाहारीले यी बाजेले मैले सोद्धा पनि आफ्नो गोत्र र भाकल भनेनन् । किनहो भनी पुनःसोद्धा वास्तविकता बताए पछि पूजाहारीले "यथा गति तथा बुद्धि" भनी पानी सेचन गरेपछि बोकाले मानिदिएछ र काटिएछ त्यो रात बाज्ये त्यहीं बसी भोलीपल्ट घर फर्कदा बाटामा पोवा खोलामा भात पकाउन लाग्दा घरबाट दुईजना मानिस हतारसंग लिन आएका देखे । अनि किन आयौं भनी सोध्दा आज राती अचानक तपाईंका दुई घर मात्र आगलागी भई स्वाहा भए भने । यो शब्दले बाजे जमीनमा मूर्छा परेछन् । केही क्षणमा चेष्टा आयो र रुँदै कराउँदै आमाका ढोकामा क्षमा माग्न लम्सार परेको पुनः उनै पूजाहारीले देखे छन्। यो आफ्ना घरका बुढा पाका पूर्खाले भनेको सुन्ने अझै छन् ।

(४) आज भन्दा ७० वर्ष जति अघि गोरखा टक्सार निवासी कुनै सज्जन (यहाँ जानेर पनि नाम नलेखेका) ले पंचवली चढाएछन् । मन्दिरका गुठीयार बाहेक अरुले चढाएको पंचवलीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रांगाको प्रसाद विभिन्नले विभिन्न धरी नेग पाउँछन् । त्यसरी ती सज्जनले यो नेग दिन मञ्जुर गरेनछन् । गुठीयारले वल जफत टालाले बेरी यसको निरूपण नभए सम्म नचलाउने भनी चौताराको सम्नको बोटमा पोका बाँधिराखेछन्। ती भद्र भलादमीले अन्यायमा परें भनी मुद्दा चल्दा करीब एक वर्ष पछि सत्यको विजय भयो। अन्तमा गुठीयारले पोका फुकाई हेर्दा यथावत् अर्थात् दुर्गन्ध आदि केही नभएको प्रसाद खाएछन् । अनि छक्क परी त्यो हाम्रा उपर असीम निगाह हो भन्ने कथा सुनाउने अझ पनि कोही बुढा पाका छँदैछन् । उता विपक्षीको घरमा हानी नोक्सानी भएछ ।

आमाले आफ्ना कार्य क्षेत्रमा हस्तक्षेप गर्ने-हरूलाई दिएको दण्ड बारे म आफुले जानेको मन्दिरको उत्तर भागमा चौतारामा एक विशाल सालको बोट थियो । त्यसमा प्रहरी चौकी बनाउन रूख काट्ने भनी एक जना नेवार जातका व्यक्तिले साहसपूर्वक रूख काटे । फलस्वरूप उनलाई पाण्डु रोगले आक्रमण गऱ्यो ,ती व्यक्ति अझै जीवित छन् । हुन पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अरक्षितं तिष्ठति दैव रक्षितं) भन्ने उक्ति यहाँ साकार हुन आउँछ। विशाल चापको बोटसित हामी सबै परिचित छौं। बसन्त गृष्म ऋतुमा कत्रा आँधि बेरी आउँदा पनि एक हाँगाले सम्म पनि मन्दिर आसपास केही क्षति आजसम्म पुऱ्याएको पाइदैन, यो अनौठो शक्ति मान्नुपर्छ। यो त हाल भएको दृश्य हो। अघि मन्दिरको पछाडी ठूलो सालको रूख गजुर कै समीपमा थियो रे पछि वृक्ष ढल्दा हानी केहि नभइ तल्लो भागमा ढलेछ। यसै प्रकरणमा आज भन्दा ५० वर्ष अघि काठमाण्डूबाट ५ जनाको टोली आई मन्दिरमा पूजा गरेछन्, बलो दिएको बोकाको टाउको नेवार हुनाले मागेछन्, फिर्ता पनि दिएछन्। ती पाँच जनामा थरो थरी वर्गका हुनाले अर्को टाउको मागे त्यो पनि दिइयो, तेस्रो पनि दिइयो अनि चौथो पनि माग्दा तपाईं एकजना निवारले गर्दा सबै टाउको फिर्ता गर्नु पऱ्यो। अब तिमीलाई माताले के गर्नु हुन्छ पख, भनी त्यो कुनै केटाले भनेपछि अकस्मात त्यो साहु मूर्छा परेछन् अनि बाहिर ल्याई धूपजल आदि प्रयोग गरी क्षमा मागेपछि होसमा आएछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि सोध्दा तपाईंका त्यो शब्द पछि एकासी सेतै कपाल फुलेकी बुढी उत्पन्न भई घाँटीमा समाइन् अनि मलाई थाहा भएन, भन्ने उत्तर दिए । ती बुढी उनै भगवती रहेछन्, आराम गरी घर फर्कदा त्रिशुलीमा पुग्दा पुनः आक्रमण भएछ,त्यस पटक चाहीं निजको मृत्युनै भएछ। यस्ता घटना सपना मान्ने कि विपना ? एउटा चरी काग भाले पोथी(चौताराको समनको बोट-मा काटिएको धोद्रोछ, त्यस भित्र)करिव २०वर्ष जति भयो दिन भर ती दुई भगवतीका उपासक बस्दछन् । रात परेपछि आहाराको लागि उड्द-छन् यो आश्चर्य मानेका छन् । वास्तवमा स-प्तशतिको प्रथम अध्यायको– "ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे " नियम सबैमा लागु हुने रहेछ । अर्थात् काग दम्पतीले पूर्व-जन्मका संस्कारले अहिले त्याग तपस्या आदि गरेको पनि हुन सक्दछ ।

(५) भक्त महानुभाव मध्ये कोही आमाका मन्दिरमा अखण्ड–दीप जलाई नौ दिनसम्म प्रहर प्रहर पूजा गराई संपुटित पाठ गरी पाउमा सुत्छन् । नौ दिन पछि उद्यापन पनि गर्छन् । यो कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधकले स्वयं वा ब्राह्मणद्वारा गराइन्छ । यसरी आमासँग जीवनमा एक पटक एक चिज मागेमा दिँदै आएको देखिन्छ । यस्तो अनुष्ठान मेरो जीवनमा म स्वयं पनि यदाकदा बसेको छु, तर कहिले त रानी भगवतीले अनेक छल पनि गर्छिन्। टिपेर फाल्छिन् पनि । यी सबै कुरा समाधान गर्न सक्नु पनि पर्छ । नत्र कार्यमा विघ्न पर्न जान्छ । मैले गरिएको अनुष्ठान परोपकारको लागि थियो र सफल पनि भयो । त्यसका फलभागी अझै जीवितै छन् ।

हुन पनि अंग प्रत्यंगले सुशोभित चन्द्रमुखो रानीको अगाडि पुगेर (श्रवणं कीर्तनं विष्णोः स्मरणम् पादसेवनं, अर्चनं वन्दनं दास्यं सख्य–मात्मनिवेदम्) भने झैं नवधा भक्तिद्वारा सेवा गर्ने यस किसिमको श्रुति पनि छ । साधक-मा "या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता" भनिएकोले यो भक्तको साधना र आमाका इच्छामा निहित रहने कुरा हुन् ।

(६) माता मनकामनामा जीवनमा तीन पटक लाखबत्ती बाल्ने,तीन पटक पंचवली दिने,फूलको डोली चँदुवा राख्ने अनि तीनै पटक पुज्याउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि प्रचलन छ । तापनि अंग पुऱ्याएर गरिएका सात्विक पूजा र भक्ति बढी फलदायी रहेका देखिन्छन् ।

८. मनकामनाको मन्दिर र मन्दिरमा रहेका देवदेवीहरू:–

भगवती मनकामनाको मन्दिरको गाहारो इँटको. झ्याल ढोका काठका, मूल ढोका सुनको जलप भएका पित्तलले मोरिएको, वरीपरि पेटी, दीपदानी, घण्टा आदि समेत रहेको तीन तले मन्दिर छ । भगवतीका सहचर, पार्श्ववर्ती देव–देवी गणहरूको समेत मनकामनाका परीपरि स्थापना भएको छ । तो मध्ये अंदाजी १४ अंगुल लंवा हंस तथा कुकुर वाहीनी कुमारी, अं. ३० लंवा अष्टबाहु, सिंह वाहिनी मनकामना, डेढ हात लंवा श्वेतभैरव कुकुर–वाहन सहित, अष्टबाहु अं. एक हात लमाईका गणेश-मूषक-वाहन र अगाडी जोगिनी पछाडि वेताल अष्ट मातृका र भगवतीका अंग प्रत्यंग देव–देवीले सुशोभित भई विराजमान भएको छ ।

९. मनकामनाका लागि राखिएका गुठ गुठी गहना घण्टा र अन्य चल–अचल सम्पत्तिहरू:–

(क) श्री ५ पृथ्वी नारायण शाहले उपत्यका विजयगरी बक्सेको केही समय पछि आमाका पार्श्ववर्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेना– मेनाले यदाकदा दिउसै पनि तर्साउन लागेछन् । गुठीयारहरूले मौसूफ सरकारका बाहुलीमा बिन्ति पत्र चढाउँदा काठमाडौंबाट नै गुभाज्यूहरू पठाइ गुभाज्यूले तान्त्रिक विधिले पूजा अझ त्यसमा लक्षहोम समेत गरीयो सो कार्यको अन्तमा भगवतीबाट "लखन थापा पछि पूजा आजामा केही कम भयो । अतः मलाई नर–बली दिनु पर्छ " भनी आज्ञा भएछ । सो सन्देशले जनतामा शोक र चिन्ताले छायो । अब कसका छोराछोरी बली चढाउने नर बली दिने या नदिने, यस्तो समस्यालाई हृदयङ्गम गरी गुभाजुले उक्त लक्ष हवनमा यज्ञान्तमा योगबल-का प्रभावले उहिले गुरु वशिष्ठले राजा दशरथ-का पुत्रेष्टि–यज्ञमा राम आदि पुत्र पैदा गरे झैं एक लठेउरो बालक पैदा गरी छिमेकीहरूलाई यो नौलो बालक तिमीहरूको हो कि भनि सोधे छन् कुनै अभिभावकले पनि मेरो भनी दाबी नगरेपछि अन्तमा भगवतीलाई त्यही बालकको नर-बली दिई टाउको चाँहि मन्दिर पछाडि गादिएछन् र शरीर अर्थात् अरू भाग फूलवारीमा गाडेछन् र तान्त्रिकले अब उप्रान्त तिम्रा पूजारी खलकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक जना लाटा लाटीले छोड्ने छैन भनि भविष्यवाणी गरेछन्। यस अनुसार लायो खलक मा केही वर्ष अघि योन्दे नामक एक अघोरी संधै मन्दिरमा घुसि घुसि भुजा भुजा भनि हिंड्दथे। यदि कसैले पैसा दिएमा पनि लिंदैनथे। उनलाई कोही लखन थापाको संम्झनामा जन्म लिएको हो भन्ने जन धारणा थियो। नरबलीको प्रथा हटेपछि मातालाई सबैले नरिवल चढाउँछन्, हालसम्म त्यस्ताले छोडेको पनि छैन। नरबलीको शिर गाडेको ठाउँमा अद्यावधि मन्दिर मा पूजा हुन आएका कुखुरामा पहिलो त्यसै स्थलमा काटिन्छ। त्यो दिएको पनि जुन फूलवारीमा राखियो त्यो मुर्कुट्टाले यदाकदा अझै दुःख दिन्छ भन्छन्। यसरी व्यवस्था–गरे पछि शान्त भएकोले खुशीयालीले नगर्जीलाई सेरा फांटमा खेत व्यवस्था भएपछि म आफुले बालक कालदेखि भोग्दै आएको नगर्जीहरूमा एक नैष्ठिक चरवले दमाई भेट्टाएं, हाल उसैका भतिजा रामे नगर्जी आदिले पञ्चै बाजा बजाउछन्। परेवालाई आहाराको लागि परेवा स्वारा पाखो आदि र आमाको लागी ८०० मुरी गुठ बक्सेको रहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाठौंका कुँबर परिवारले साल मिति भएर पनि त्यति नबुझिने शिला माथि तत्तत् मूर्ति भएको धातुको पट बनाई स्थापना गरी देवदेवीको स्वरूप छर्लङ्ग पारी राखेको कुरा पनि सर्वविदित नै छ । केही वर्ष अघिसम्म भगवतीका माथि राखिएका पटहरू उनै कुंवरका सन्तानले आई सफा गरी पूजा समेत गरी जान्थे ।

(ख) यसरी नै शाह वंशबाटै भगवतीलाई चाँदीका हार, मुकूट, किकिपा (शिरमा लाउने सून वा चांदीको फुल) मुण्डमाला र सुनका अष्टदल, औंठी, तिलहरी आदि चढाइएको रहेछ जो अद्यापि छँदैछ ।

(ग) ती चढाइएका आभूषणहरूमा कोही आमालाई नित्य पैराई राख्ने गरिन्छ र अरू विशेष प्रकारका चाहिं विशेष पर्वमा मात्र लगाइन्छ ।

(घ) भक्त जनहरूले पनि अद्यावधि यदाकदा आभूषणहरू चढाएको पाइन्छ ।

(ङ) गहनाको संरक्षण पूजारी र गुठी संस्थानबाट हुन्छ ।

(च) वि. सं. १८२८ साल मिति वैशाख सुदी १५ गते रोज २ मा लखन थापाले चढाएको घण्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुटेकोले सोको सट्टा माईका पूजाहारो कुलमान थापाले वि. सं. १९५० साल बैशाख सुदी ३ गते रोज ५ मा माई र गोरखकालीलाई चढाएको घण्टा आज भोली पनि बजाईदैछ ।

(छ) माईलाई राखिएको गुठी जग्गाको जग्गा कमाई बसोबास गर्ने रैतीहरूसँग तिरो प्रचलित मूल्यमा उठाइ पूजाहारीले माल दाखिल गर्नु पर्छ ।

(ज) माईका समीपमा बस्ने गुठीयारहरूले आमाका विशेष चाड पर्व सम्पादन ऋतु अनुसार गर्नुपर्छ ।

०. मनकामनाका लागि भएका राजकीय व्यवस्थाहरू:–

(क) श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायणले राम शाहबाट सातौं पुस्तामा नेपाल एकीकरण सफल हुनेछ भनि भगवतीको आज्ञा मुताबिक भनौं उपत्यका विजयायात्रा सुरु गर्नु अगावै वि: सं. १८२० मा लुदी खोला खेत २०० मुरी कूत गुठी राखी मातामा श्रद्धा भक्ति गरेको पाइन्छ । सो क्रममा पहिलो पटक असफल भएपछि दोस्रो अभियानमा उपत्यका हान्न जाँदा तादी नदीमा डुङ्गामा सबै लावा लस्करलाई माझीद्वारा पारी पठाइयो । पश्चात् आफु सवारी भएछ, तर नदीको माझमा पुगेर डुङ्गा डेग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलेन छ राजा भयभीत् भइवक्से छ। माझीहरू र सेना आश्चर्य चकित भएछन्। अन्तमा सबै जवानहरूलाई वारी नै तारी त्यो रात राजाको त्यहिं राज भएछ। राती सपनामा यिनं माता मनकामनाले दर्शन दिएर मेरो पूजा आजा गर्नु मन्दिरमा गजुर राख्नु आदि सांकेतिक आज्ञा बक्स भए पछि आमाका पाउमा आई शरणमा परी पुनःअभियान चालेपछि कार्य सफल भएबाट राजा–रानी मनकामनामा आई क्षमा पूजा गरी रानीले आफूलाई बक्सेको कर्णपाता फुकाली धातु मिसाई गजुर बनाई चढाएको तेजोमय छाना अझै झल्की रहेछ।

(ख) पृथ्वी नारायण शाहले देवीको मनसा वचसा कर्मणा सेवाभाव पुऱ्याउन आफ्नो मूर्ति माईकी अगाडी चढाएबाट नै मनकामना प्रति कस्तो अगाध श्रद्धा भक्ति थियो होला भन्ने प्रष्ठ्याउँछ।

(ग) पृथ्वीनारायण पछिका राजाहरूले पनि आफु राजा भई नयाँ सिक्का चलाए पछि १०८ को मुद्राको हार सबै राजाहरूले चढाएको पाइन्छ।

(घ) शाहवंशी राजा श्री ५ महाराजाधिराज गीर्वाण युद्ध परदेश जाँदा बाटा बाटै हिंडी रहदा देवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तुति रचना गरिबक्सी चढाएको भनि लेखिएको छ र राजेन्द्र वीर विक्रम आदि राजाले पनि मनकामनाकोस्तुति,मालसिरी,गजल,मातंगी आदि रचना गरेर त्यस समयको भाव शैलीमा रची चढाई बक्सेको गुणगान अद्यावधि नव-रात्रमा प्रतिपदा बाट सप्तमीसम्म बेलुका आरती पछि पूजारी गुठीयार भेला भई घण्टौंसम्म गाइन्छ । अझै यो स्तुति दशैंमा पुरा सुन्न पाए जीवनमुक्त होइन्छ भन्ने दृढ विश्वास छ । यी स्तुति भक्तिरस, वीररस, करुणरस र रौद्ररसले भरिपूर्ण छन् । यी स्तुतिहरूमा भगवतीको दर्शन, पूजा परिक्रमा, आरती आदि प्रसंग प्रसंग पनि छुट्टा छुट्टै रचिएका पाइन्छ ।

(ङ) वि. सं. १९२७ मा श्री ५ सुरेन्द्रले माथिल्लो तला मर्मत गर्न पूजारी जगजितलाई सहयोगको लागि उमाकान्त मरहट्टालाई नौसिन्धा दर्जा दी निर्माण गर्न लाएको पनि पाइयो ।

(च) यसै गरी श्री ५ महाराजाधिराज पृथ्वी वीरविक्रम तथा श्री ५ त्रिभुवनबाट पनि मन्दिर एवं प्रांगणको र केही भवनको निर्माण गरेको पाइन्छ । यसै गरी स्व. श्री ५ महेन्द्र सरकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि. सं. २०१६ सालमा पित्तल पाता छाना लगाई बक्सिएको कुरा पनि उल्लेखनीय छ।

(छ) वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट २०४० सालमा मन्दिरको दक्षिण पट्टिको प्रांगण भूक्षय भएकोमा तलै देखि पेटी उठाई राम्रो रोकथाम भैरहेछ। यस माता मनकामनाको सेवा शाहवंशबाट अविच्छिन्न रूपमा हुँदै आएको छ र त्यसबाट यस राष्ट्रको र राजसंस्थाको संरक्षण संवर्धन भई नै रहेछ।

(ज) साथै गुरु गोरखनाथले श्री ५ पृथ्वीनारायणलाई तिम्रा शाहवंशले काली, गोरखनाथ र मनकामना यी तीन देवतालाई अनास्था नगर्नु भनी उपदेश गर्नु भएको पनि पाइन्छ।

(झ) वर्तमान मौसूफ सरकारले नेपाल हिन्दु राज्य रहि आएकोले भन्ने सन्देश व्यक्त गर्दै पाशुपतक्षेत्र दैवी शक्ति र वैदिक विधि–विधानले अडेको (आर्यावर्तः पुण्यभूमि मध्यं विन्ध्य–हिमालयोः) अनुसारको यो मुलूक नेपाललाई शान्तिक्षेत्रका रूपमा प्रस्ताव राखी बक्सेकोले अन्तर्राष्ट्रिय शान्ति र सुव्यवस्थाको क्रममा यसको अझ बढी महत्त्व रहेको कुरा निर्विवाद छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता गहन प्रस्तावहरूको खास आधारशिला हाम्रै पुर्खाका वैदिक विधिविधान संस्कार, मान्यता, मर्यादा र धारणा हुन् । महादेव र नेमुनिको तपोभूमि सिद्धार्थको थलो व्यासादि ऋषिको कर्मभूमि यो देश निश्चय नै आध्यात्मिक दृष्टिले निकै धनी मात्र हैन विश्वको सबैभन्दा श्रेष्ठ पनि रही आएको छ ।

११. <u>मनकामनाको दैनिक पूजा–आजा पद्धति, पूरोहित, पण्डित एवं पूजाहारीको व्यवस्था :–</u>

(क) भगवतीका मन्दिरमा वेहान ७ बजे ढोका खोलिन्छ । परेवालाई आहारा दिएपछि देवतालाई स्नान गराई पूजा भाँडा सफा गरी पूजासामान तयार गरी महा–प्रसादको लागि व्यञ्जनमा घिउ वेसार राखी लसुनको तरकारी बनाइन्छ । यी तीन चीजको आफ्‌ आफ्नै विशेषता दर्शाइएको पाइन्छ । त्यसपछि एकमाना चामल, गुड, घिउ, चिनी सहित भूजा पकाई सामग्री ली नन्दिरमा आई बिहान ९ बजे पूजा प्रारम्भ हुन्छ । प्रथमतः "पूर्वोक्त संकल्प सिद्धिरस्तु काश्यपगोत्रोत्पन्नस्य शाहवंश–परम्परा प्राप्तस्य, <u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर</u>

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रम शाहदेव रक्षितस्य नेपालराष्ट्रस्योत्तरोत्तर-समृद्धये सर्वारिष्ट–शान्तये काश्यपगोत्रोऽहं पूजक संज्ञोऽहं इन्सान बहादुर गुप्तोऽहं नेपालस्य इष्टदेवताया भगवत्या मनकामनादेव्याः नित्यपूजनं करिष्ये" भनी संकल्प गरिन्छ । अनि सप्तशतीको विधि-विधानले पंचोपचारबाट भक्तिपूर्वक नित्य-पूजा गरिन्छ । पश्चात् माथि उल्लेख भएको मुख्य भोग (भूजा) चाँदीको थालीमा रातो रुमालले छोपी कसैलाई छुन नदिई समर्पण गरिन्छ । त्यसपछिमात्र जनता जनार्दनले आ–आफ्ना श्रद्धाले पूजा गरिने चलन छ ।

(ख) लखन थापाको गुफा र चमत्कार

(१) चन्द्रमुखी रानी मनकामनाको पूजा आजाको थालनी सिद्ध लखन थापाबाट भएको हो भनिन्छ। थापाले पूजाआजा प्रकरण आफ्ना भावीसन्तति-लाई सिकाई वंश परम्परा बसाली आफू वृद्ध हुँदै गएबाट सिद्ध थापाले रानी लीलावती र राजा रामशाहका पार्श्ववर्ति रहदा जो चमत्कारी कार्यहरू प्रदर्शन गर्दै आएका थिए राजाका देहान्त पछि उनलाई (तुषारेण परित्यक्ता न प्ररोहन्ति तण्डुलाः) भने झैं अनुभव हुँदै आयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तमा तीर्थ गर्न काशी तर्फ गए। घरमा धेरै समयसम्म पत्र आदान प्रदान पनि भएन। थापा तीर्थाटनको क्रममा काशी, गया, पुष्कर घुम्दै मस्त थिए। यता घरमा निकै समयसम्म पनि केही खबर नआउँदा अवश्य जीवित छैनन् भन्ने निर्णय गरी अन्त्येष्टि गर्न लागे। क्रमशः १३ दिनको दिन भाई बन्धु जम्माभई शुद्ध शान्ति गरी खाना पकाउन थाले। यता मन्दिरदेखि उत्तर अं. १० मिनेटको बाटोमा तिउरे भत्ज्याङ-बाट बूढा लखन थापा लट्ठी टेकी घर तर्फ आइरहेका बेला उनकै अन्त्येष्टि (शुद्धशान्ति) को भोज खाएर फर्कन लागेका चेली–बेटीहरूसंग भेट भयो। ती चेलीहरूले घरको वर्तमान घटना बताए अनि थापा टक्क उभिएर "लायो थापा मगरका मेरा खलकका सन्तान भोका पनि नरहुन् भकारी पनि नभरियोस्। लायोका सन्तानले पाखा पर्वत ढाकुन्।" यस्तो श्राप जस्तो आशिर्वाद दी बूढा त्यतैबाट फर्कछन्। यो सत्य घटना भएको देख्ने मानिस सरासर घरमा गएर बताएछन्। भाईवृन्द पाउमा पर्न जाने भनी जाँदा फेला परेनन्। उनीहरूलाई न्याउरी मारी पछुतो भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
झं पऱ्यो । यत्र तत्र खोजे तर फेला पार्न सकेनन्। यदि उनको घरमा अन्त्येष्टि नगरिएको भए अथवा बाटामा चेलीसंग भेट नभएको भए पनि उनी माताका पाउमा पस्न मात्र पाएका भए पनि भविष्यमा तमाम नर–नारीलाई लाभान्वित हुने भविष्यवाणी उद्‌गार आदि केही कुरा अवश्यै मिल्ने थियो होलाभन्ने स्थानीय जनविश्वास अझै ताजै छ। अन्त्यमा उनले टेकेको भिउसेन पातीको लोरो, खराउ, पादचिह्न आदि सबैको पहिचान गरी खोजी गर्दा गर्दा वैशाख पूर्णिमाका दिन उनी पक्कै गुफामा अलिपएको हुनुपर्छ भन्ने निर्णय गरे । उस बखत बुढाले टेकेको भिउसेन पातीको लौरो हाल ठूलो वृक्ष भई रहेछ । थापा त्यस गुफामा अल्पेको दिन वैशाख पूर्णिमाको दिन रहेछ। यो गुफा समुद्रको सतहबाट करीब ८००० फिट उचाईमा रहेको एक सुन्दर डाँडोमा पर्दछ। त्यहाँ समतल पनि छ।सगर उघ्रेका दिन त्यहाँबाट काठमाण्डू उपत्यका पाँचमाने र भीमडुङ्गाको डाँडो पनि देखिन्छ । त्यहाँ पर्यटनको शाखा राखिएमा अन्तरराष्ट्रिय भ्रमणार्थीहरू समेत आई लाभान्वित हुने थिए । सो स्थल मनकामनाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लखन थापाको बैठक बस्ने स्थल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१ घण्टाको बाटो छ तर त्यहाँ जाने मानिस यदा कदा पनि दुर्लभै पाइन्छ । गुफा भित्र पसेपछि दुइटा प्वाल छन् भित्र जाने साहसै गर्न गारो छ, तर गइसके पछि रमणीय पनि छ । मानिसहरू लाइट लो कमरमा नाम्लाले बाँधी केही भित्र पुग्छन् । योनै पुजारीका खलकमा थापाहरू पनि भित्र पुगेका थिए । यसको अतिरिक्त आजको युगमा केही साधन भएमा बढी जानकारी हुने थियो । यसमा सरकारको ध्यान आकर्षण हुनु बढी आवश्यक छ । यस क्षेत्रलाई पर्यटन क्षेत्र घोषणाको पनि नितान्त आवश्यकता भएको अनुभव हुन्छ । अतः लायो खलकले अद्यावधि उक्त पूर्णिमाका दिन भाईवृन्द भेला भै कुलपूजा गर्दछन् । उनै थापाले अघि घोडाको बारेमा एक लेख पनि लेखेका थिए रे । सुनिन्छ त्यो लेखबारे स्थानीय पं. माष्टर दण्डपाणि अर्यालबाट केही जानकारी पाइन्छ ।

(२) लखन थापाका वंशका लायो मगरका कुलपूजाका दिन, आज भन्दा करीब ४० वर्ष अघिको वैशाख पूर्णिमामा लखनको गुफामा सबै बन्धु बान्धव जम्मा भई कुलदेवता पूजा गर्न लागेछन्। संयोगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ कसैले पनि आगो वा आगो पार्ने कुरो समेत ल्याउन बिर्सेछन् । त्यसबेला उनै लखन थापाका सन्तान लीलाम्बर लायो मगरले "हाम्रो पुर्खाको त्यत्रो शक्ति थियो, सिद्धि थियो भने हामीले पनि यहीं आगो पाउनु पर्छ । लखनको धुनी यहीं थियो । आगो निभ्दैन थियो भन्ने सुन्छौं ।" लौ आओ खनी खोस्री खोजौं" भनेछन् । अनि सबैले मिलेर लखनको सत भए आगो भेट्टियोस् भनी खोज्दा साच्चै नै एउटा गोखोमा आगो पाइयो र त्यसैबाट कुलपूजा सकेका थियौं भन्ने उक्त व्यक्ति जीवितै छन् । मनकामना नजीकै बस्छन् भेट्न सकिन्छ ।

(३) यसरी नै लखन थापाको गुफामा छोडिएको कुखुराको भरखरको चल्ला गोरखास्थित गोरखनाथको गुफा पुग्दा बास्ने किम्वदन्ती सुनिन्छ । यसबाट मनकामनाबाट गोरखा तकको दूरी र गुफाका चमत्कारी पक्षमा प्रशस्त प्रभाव पर्ने देखिन्छ ।

(घ) वि. सं. १९०४ सम्म राजदरबारका पुरोहित अर्याल वंशका रहेकोमा राणा शासन शुरू भएपछि गोरखा दरवार देखिका पुरोहित अर्यालहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा बढी मानदिई मूल पुरोहित काम पाण्डे-हरूमा दिएको पाइयो ।

(ङ) तर मनकामनामा भने पहिले देखि नै अर्यालहरू पुरोहित रहेको पाइन्छ । ती मध्ये पहिला कालु अर्याल रहेछन् । ती कालु अघि काठमाडौंका आचार्य बन्धुदत्त, जामुना गुभाजु समानका तान्त्रिक विद्यामा निपुण रहेछन् । यस्तै तान्त्रिक योगका बलले यो देश अघि बढेको पाइन्छ । पुरोहित कालु यदाकदा काली मन्दिरमा पनि पाठ गर्न जाँदा रहेछन् । यसै सिलसिलामा वडा दशैंको फूलपाती महोत्सव हेर्न दरबार जाँदा दरौंदी खोलाको दहमा कसैले रोए कराएको शब्द कानमा गुन्जेछ । विषय वस्तु बुझ्दै जाँदा भूतकी भूतिनी प्रसव वेदनाले छटपटाई रोइरहेको थाहा पाए । बाजेले पानी उल्टा गरी खुवाउने छर्कने गरेपछि छोरो जन्मेछ, अन्तमा भूतिनीले घरमा स्याहार संभार गर्ने श्रीमान् भूत पनि उक्त फूलपाती यात्रा हेर्न गएका छन्,कृपया खवर गरी घर पठाई दिनु भनी अनुरोध गरीछे । बाजेले मैले चिनेको छैन भन्दा सो यात्रामा सेतो लुगा लगाएका कुर्कुच्चा पछाडी फर्केका सबैभन्दा अग्ला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरंगी मेरा स्वामी हुन् भनिछ। भूतिनीको सन्देश लिएर भिडमा गई डाकी वस्तुस्थिति अवगत गराएपछि भूतले बच्चाको न्वारानका दिन कृपया मेरो घर पाल्नु होला भनि निम्त्याई घर आयो। पुरोहित कालु अर्याल नामकरणका दिन त्यहाँ जाँदा सम्मानका साथ भोजन गराई उप-कारको बदला एक पोथी ठोकेको (काँजोले बाँधेको) लट्ठी र तान्त्रिक विद्याको पुस्तक समेत प्रदान गरी विदा गरेछ। तर यो आवश्यकता परेमा मात्र प्रयोग गर्नु होला भनेछ। बाजेले अगूँवा भन्ने ठाउँमा परीक्षा गर्दा भूतका समूहले किन संझनु भयो भनी एकत्र भएछन्। बाजेले मनको कौतुहल मेटाउनलाई भनी बिदा दिए छन्। पश्चात् पुरोहितले अब के काम लगाउँ। यिनीहरूको जन-समूह ठूलो रहेछ भनी शोच-विचार गरी नामजुङटार भूतहरूको सहयोगबाट बिराउन (खनजोत गर्न) लगाएछन्। यसै शिल-शिलामा एक दिन भूतलाई खाजा दिन गएकी बुहारीलाई झुक्याएर भूतले खाना संगै सितन पारेर खाएछन्। खाजा पुऱ्याउने बुहारीको ज्यान गुमेपछि बाजेले नैराश्य लिई त्यो काम स्थगित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेछन् । हिजो आज पनि नामजुङ भूत्याखेत भन्दछन् । त्यो ६१० मूरी माटो उनै पुरेतका सन्ततिले उपभोग गरी रहेका छन्। हाल यो ठाउँ मनकामना जान पुल पार गरेपछि दायाँ भागमा पर्दछ । यसरी मनकामनामा त्यही पुरोहित अर्याल–वंश नै हाल पनि कायम छ ।

(च) पूजाहारी तर्फ राजाहरूमा रामशाहबाट हाल २१ पुस्ता र लखन थापा आफु सिद्ध हुँदा विवाहै नभएको दाजु भाइका सन्तानबाट अविच्छिन्न १८ पुस्ता माताका पुजारीमा वर्तमानका इन्सान बहादुर थापा लायो मगर पाइन्छन् । पाइएका प्रमाण अनुसार लखन थापाबाट शुरू भै हालसम्म क्रमशः सनद, वक्तवार, जगजित, कुलमान, साहिलो केरमान, भाइ डिल्ली सिंह, छोरा दिल बहादुर, भाइ लोक बहादुर र पूजाहारी लोक बहादुरका छोरा इन्सान बहादुर थापा माता मनकामनाका पूजाहारी रहेका छन् ।

(छ) पण्डितहरूमा दैवज्ञ केशरीका पालासम्म गुठीको कसर मसरबाट पूजाहारीले पुराण भन्न लगाएको र निज दैवज्ञ केशरी पछि सय वर्ष जति लोप भएछ । अन्तमा मन्दिर जिर्णोद्धार गर्ने नौसिन्धा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
उमाकान्त मरहट्टाका छोरा पं. गुण कान्तले संबन्धित निकायमा निवेदन चढाएपछि निवेदकका नाउँमा खड्ग निसाना भएबाट वि.सं.१९८१ सालबाट पुनः पुराणवाचन कार्य चलेछ । सो पुराण वक्ताको कार्य मरहट्टा परिवार भएसम्म अरूले भन्न नपाउने गरी सनद भएको सो अनुसारको आजसम्म माइका पाउमा बसी पुराण सुन्ने सुनाउने कार्य भइरहेछ । मरहट्टाका सन्ततिमा नौ. उमाकान्त, पं. गुण कान्त, पं. हुतकान्त र वर्तमान लेखक पं. विष्णुहरि समेत चार पुस्ताले माताजीका चरणको अनवरत सेवामा सर्मापित हुँदै आएको कुरा स्मरण गराउँछु ।

१२. <u>वक्रेश्वर महादेवको परिचय र पूजा आजाको व्यवस्था :–</u>

(क) (धारणाद् धर्ममित्याहु धर्मो धारयति प्रजाः) हिमालको लेख, आदर्श नारी सीताको जन्मस्थल दूध पोखरी, नारद पोखरी, यस्तै पावनतम थलो कफेक गाउँबाट उत्तर मन्दिरबाट आधाकोष हिंडेपछि वक्रेश्वरको स्थान आउँछ । जहाँ वक्रेश्वर महादेव र वक्रेश्वरी माईका ठूला शिला भेटिन्छ । समीपमा वृषभ जोगिनी आदि छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्रेश्वरी माईलाई भोग दिइन्छ। यहाँ "यदि समयमा कोही बच्चा बच्चीको वाक्य फुटेन भने यो स्थलमा पूजा दर्शन गराई आमाका लागि अर्पण गरेको महाप्रसाद अर्थात् भूजा खान दिएमा बच्चाको वाक्य फुट्दछ" भन्ने जनश्रुति प्रचलित छ। यहाँ हाल क्षत्रीवंशका पूजाहारी छन्।

(ख) वक्रेश्वरको पूजा-आजाको निमित्त श्री ५ पृथ्वीनारायणकै पालामा १२० मूरी खेत लुदी खोलामा गुठी राखि बक्सेको रहेछ।

(ग) यहाँ तीजका दिन ठूलो मेला लाग्दछ। मनकामना मातालाई विशेष पूजा आजा गर्न पूजासामान बली आदि पठाइन्छ। यसैका दायाँ केही पर चौतारा (सम्म) परेको ठाउँछ। त्यहाँ अघि गुरु गोरख बाबाले लखन थापालाइ वरदान दिएको थलो भनिन्छ र त्यहा वक्रेश्वरका मुख्य पर्वमा पूजा हुन्छ। छिमेकीहरूले नयाँ अन्न प्राशन गर्दा त्यहाँ चढाएर मात्र खान्छन्। यिनै महादेवको गहन जंगलका माथिल्लो भूभागमा लखन थापाको गुफा पर्दछ।

१३. मनकामनासंग सम्बन्धित अन्य देव-देवीहरू :-

(क) मनकामनाका पार्श्ववर्ती वक्रेश्वर पश्चात् स्थानी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वक्रेश्वर महादेव र वक्रेश्वरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवी पनि छिन् यहाँ आकस्मिक दैवी-प्रकोप, पशुहरूमा लाग्ने रोग, घटना आदि परेमा कटुवाल द्वारा जनता भेला गराई क्षमा (धारणा) पूजा-आजा गरिन्छ। यस्तै सिलिङमा सिद्धदेवी-स्थान छ। त्यहाँ पनि पूजा-आजा हुन्छ। ताकलुङमा सिजाली देवी छिन्। मनकामनाको आसपास मगर भाषा बोलिन्छ। ठाउँको नाउँ पनि मगर भाषामा नै बोलेको पाइन्छ। राङ, डि, सिर्डि, गोर्डि आदि खोलाको नाउँ रहेको र पानीलाई 'डि' भन्ने गरेकोमा भाषाको विकास हुँदै जाँदा हाल केही परिवर्तन भई 'डि' को दी हुन गएर राङदि, सिर्दि, गोर्दि दरौदी आदि भन्न लागेका छन्।

(ख) अघि बसोबास गर्दा देवताहरू डाँडाको शिखरमा, राजाहरू गडि गौंडामा नै प्रायः बसेको पाइयो। यसको तात्पर्य सामान्य रूपमा केही कष्ट नगरी धर्म नहुने रहेछ कि जस्तो लाग्छ तर मर्यादा-क्रमले देवी देवतालाई माथी र मानिसहरूलाई तल बस्ने व्यवस्था शास्त्रीय देखिएकोले यस्तो भएको हुनु स्वाभाविक छ।

(ग) पूर्व उल्लेखित नं. ५ को दफा (ख) माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिका, मनकामना, छिप्केश्वरी, इच्छा कामना यी देवीहरू दैवी शक्तिको पूर्णरूपले परिचालन गर्दथे। छिप्केश्वरी पनि माई तर्फ फर्केकी थिइन् र माइका पंचबली दिनेले दिएको राँगो ग्रहण गरेपछि पीठ फर्काइ बसेकी हुन् भन्ने किंवदन्ती छ। हुन पनि छिप्केश्वरी चितवन तर्फ नै पीठ फर्काइ बसेको नै देखिन्छ। इच्छा कामना छिप्केश्वरीका लागि पूजा–आजाको गुठ र पर्व-मेला आदि केही व्यवस्था नभएर विख्यात हुन नसकेकी हुन् की जस्तो लाग्छ।

(घ) यौटा अर्को प्राप्त किंवदन्ती छ, जसले आज पनि राम्रो अखडा जमाएको पाइयो। कफेक भन्दा केही तल आरूबोट गाउँमा जनताले खाने पानीको कुवा छ। त्यसमा स्थानीय नदी, मर्स्याङ्गदी, त्रिशुली, बुढिगण्डकीमा भल आउनुभन्दा पहिले त्यस कुवामा पानी धमी लिए पछि अन्यत्र भल जान्छ। यो कुवाले पानी पर्ने वा रोपाईं चल्ने समय सूचना गर्दछ। यसै गरी फुजेल बुढी गण्डकको तीरमा भैरवाश्रम छ, त्यहाँ जलकन्या देवी छन्। त्यस ठाउँमा भैरव ऋषिको पूजा ढुङ्गा, थाली र पंचपात्रहरू गङ्गातीरमा छन् तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गङ्गाको भेलले कहिले पनि बगाउँदैन भनिन्छ। ती जलकन्या देवीको पनि शक्ति र सामर्थ्य निकै बताउछन्। ती देवी एक कुमालका आडमा चढी त्यहाँ कृषकहरूलाई समयको सूचना गर्द-छिन् भन्ने पनि भन्दछन्। यसका अतिरिक्त यस गोरखा जिल्ला मर्स्याङ्दी नदीको तीरमा अकला माई छन्। यो माई नामै अकला बसोबास पनि पहरामा नै छ। त्यहाँ नहर्की क्षत्रीहरूले क्रमशः पूजा गर्दछन्। त्यहाँ पशु प्राणीलाई रोग लागेमा भाकल गरी पूजा गरिन्छ। यसको अतिरिक्त ती देवीको बारेमा अरू केही तथ्य भेट्टाउन सकिएको छैन। यस्तै गोरखा देखि उत्तर गाँखु ग्रा. पं.मा. नामरूङ देवी छिन्। त्यहाँ गुरूङ जातिका पूजारो छन्। गाई भैंसी समयमा ब्याएन भने त्यस ठाउँमा पूजा गरे ब्याऊछन्, भनि भाकल गरी मनोरथ पूरा भई गाईको दूध लगो चढाएको पाइन्छ। अर्को एक विशेषता यदि पशुले बाँधेको थलामा दाम्लो खाएमा नयाँ दाम्लो लगो चढाउने चलन छ। त्यसरी चढाएमा वस्तुले पुनः दाम्ला नखाएको समेत भेट्टियो। त्यहाँ ज्येष्ठ शुक्ल पूर्णिमा अर्थात् गँडू पूर्णिमामा विशेष मेला लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै प्रकरणमा खोयलाङ ग्रा. पं मा अन्नपूर्णा माई छिन्। उनको नाम अन्नपूर्णा उनी कामं भरी पूर्णकी छिन् । गण्डकी अञ्चल तनहु जिल्लामा छाब्दी वाराही छिन्। पहराको काखमा पोखरीको माझमा मन्दिर छ । त्यहाँ विभिन्न जातका माछाका बामहरू देखिन्छन् । चढाएको बली रगत पान गरी तृप्त हुन्छन् । यदाकदा परेवा नै निली पनि दिन्छन् । त्यहाँ शैक्षिक भ्रमण गर्न विद्यार्थीहरू यदाकदा जान्छन् । मगर जातका पुजारी छन् ।

१४. मनकामना सम्बन्धमा प्रकाशित कृति तथा रचनाहरू :–

(क) मनकामना देवी आज भन्दा ५०० वर्ष अघि प. नं. १ नुवाकोट भैरवको समीप अशोकको रूख मुनि भैरवो र मनकामना अप्सराको रूपमा नाचगान गर्दथिइन् भन्ने लेख र कृष्णानन्द स्वामीज्यूबाट पंचाक्षरी, गजाधरसूरीले रचना गर्नु भएको नवाक्षरी, मनकामना स्तोत्र, योगी नरहरि नाथज्यूसंग छ र त्यसको हस्तलिखित प्रतिलिपि लेखकसंग पनि छ । पुनःइतिहास वेत्ता योगी नरहरिले देवी मनकामना सम्बन्धी स्त्रोत्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताम्र–पत्र, शिला लेख संकलन गर्नु भएको छ त्यो योगी बाबासंग नै छ; केही वर्ष अघि जयतु संस्कृतम् पत्रिकामा पनि र गोरखा निवासी गायत्री गणेशबाट पनि मनकामना कृति प्रकाशित भएका यदाकदा अझै भेटिन्छन् ।

(ख) गत रेडियो नेपालबाट २०४३ असोज र मार्ग ताका मनकामना एक चिनारी र मनकामनाका महान् दुई पर्वहरू प्रसार गरिएका थिए ती यसै मा संलग्न छन् ।

१५. विविध :–

(क) देव-देवीहरू:- यसै गरो मनकामना क्षेत्रका अन्य धार्मिकस्थलहरू मध्ये चापे देवि, चापानी, अर्लाङ-दी, ताकलुङ, हिमालाश्रम धैरूङ, भैरवाश्रम, फुजेल, पूर्व तर्फका र यस्तै अन्नपूर्ण अकला, नाम्जुङ भगवती ढुङ्गा गाडे, मनकामना भोगटेनीको विन्ध्यवासिनी, थानी आदि आदि अनेकौं देव–देवीहरू र देवतीर्थ–स्थलहरू पनि उल्लेखमीय छन् ।

(ख) मनकामना क्षेत्रका धार्मिक तथा सामाजिक रचनात्मक प्रयासहरू :–

(क) विगत ५० वर्ष यता छात्रछात्राहरूलाई पठन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठनका लागि पाठशाला, पिउने पानीको लागि धारा, औषधी उपचारको निमित्त औषधालय, सरकारसंग निवेदन गरी स्थापना गराउने काममा मरहट्टा परिवारले विशेष योगदान र तत्परता देखाउने मौका भगवतीले नै प्रदान गर्नु भएको हो भन्ने कुरा पनि लेखकले विश्वास गरेको छ ।

(ख) एक दशकको अवधिमा माथि उल्लेखित संस्था-हरूको भवन निर्माण छोटी हुलाकको स्थापना एक महान् अतिथिगृहको निर्माण योगी बस्ने सानो कुटी यसै वर्ष हरिकिर्तन र परेवा बस्ने घर आदि रचनात्मक कार्य तदारूकता साथ बन्दै आएको पाइन्छ ।

(ग) मन्दिरमा आउने दर्शनार्थीहरूको लागि भोजना-लय, निवासालयको पनि व्यवस्था भएको छ ।

१६. उपसंहार :-

(क) घाँसीबाट पाएको प्रेरणाले भानुभक्त आचार्यले रामको गुणानुवाद बढाई राममा नै लीन हुनु-भयो । कीर्ति पनि अमर राख्नु भयो । यस्तै वाल्मीकीले रामलाई चिनाउनु भयो। कालीदासले काव्यलाई सिगार्नु भयो भने झैं आमाका अनु-कंपाले सपनाको परिचयबाट पाएको एक सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलश र सोही बेला रचेको मनकामना अङ्ग प्रत्यंग देवताका नौ श्लोक शिखरिणी छन्दमा रचित स्तोत्र र समीपवर्ती त्रिनयन वक्रेश्वरको तीन श्लोक सहित यो मनकामना पुस्तिका सज्जन वृन्दमा सादर समर्पण गर्दछु । यस पुस्तिकालाई आवश्यक सहयोग प्रदान गर्ने इतिहास वेत्ता मा, दण्डपाणी अर्यालका साथै यो पुस्तिकाको मिठास बढाई भाषा सिंगारि सम्पादन दिने प्रा. ऋषिराम पोखरेल एवं मनकामना आसपासका वयोवृद्धहरूले अन्तरवार्तामा भाग लिई सघाउ पुऱ्याएकोमा वहाँहरू सबैमा सादर धन्यवाद अर्पण गर्दछु ।

(ख) अन्ततोगत्वाः– आमाका चरण कमलमा सेवा-भावले मनसा वाचा कर्मणा संमिलित हुँदै (देवीपादोदकं पीत्वा पुनर्जन्म नविद्यते) यही अन्तिम इच्छा छ । पुनश्चः– जीवनको अन्तिम घडिमा इच्छानुसार जाने यात्रुलाई विमान स्थल-बाट उडानको टिकट मिले झैं मलाई पनि मणिद्वीपवासिनी भुवनेश्वरी कहाँ जानका निमित्त टिकट पाउने छु भनी जगदम्बिकाका पाउमा पुनरपि यही अन्तिम इच्छा प्रार्थना गर्दै बिदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मागछु ।

ॐ नमः सर्वस्वरूपिण्यै जगद्धात्र्यै नमोनमः । आद्यायै कालिकायै ते कर्त्र्यै नमोनमः (शाक्त–तन्त्र)

लेखकः–
पं. विष्णुहरि मरहट्टा
गोरखा निवासी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनःकामना एक चिनारी

स्व. इच्छाले सृष्टि–स्थिति–प्रलय गर्दै जगतमा ।
दया छर्दै भर्दै अतुल सुख–शान्ती मनुजमा ।।
बसेकी शीला भै जगत जननी हे भगवती ।
संधै हाम्रो तिम्रो चरण युगमा यो जयनति ।।

सुन्दर हिमालको काख गोरखा प्राचीन राजधानीदेखि दक्षिण काठमाडौं पोखरा राजमार्ग तथा मुग्लीङ्ग बाट उत्तर पवित्र पखेटाको टापु बक्रेश्वर महादेवको तपस्थल समीप दायाँ बायाँ तर्फबाट मर्स्याङ्गदी त्रिवेणी देखिने गुरास र चाप मिश्रित एकान्त तपोभूमिमा प्रायः मगर जातको बस्ती कफेक भन्ने गाउँमा अवस्थित जो एक प्राचीन कलात्मकता साथै कि–किंपा, मुकुट, हार, मुण्डमाला आदिले विभूषित मनःकामनाको पावन मन्दिर हिजो–आज र भोलीको लागि यथावत् रहने छ ।

जसमा कि ! शक्तिरूपा त्रिपुरा सुन्दरीको बुहारी श्रद्धेय राजा रामशाहकि महारानी लिलावती रामशाहको देहावसानपछि सती जाने अन्तिम समयमा दूरदर्शी भक्त लखन थापालाई आफु पैले साक्षात् लक्ष्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपबाट भौतिक–देहमा आविर्भावमै सम्पूर्ण वास्तविकता दर्शाइ अब उप्रान्त शिलाको रूपमा प्रकट भई भक्त जन-मानसको मनःकामना परिपूर्ण गर्ने मनःकामना भन्ने नामले प्रसिद्ध रहने छु भन्ने पछिल्लो उद्गार प्रदान गरी पंचभौतिक देह विसर्जन गरी बक्सनु भएको र आफ्नो सर्वशक्ति शिलामा स्थापना गरी आफु अदृश्य रूपले विराजमान रहेको कुरामा प्राचीन लेखहरू प्रत्यक्ष साक्षी छन् ।

स्मरणरहोस् १४ अंगुल लंबा शिला, कुमारी हंसवाहिनीको स्थापित छ भने हंस वाहिनीको समीपैमा सिंहवाहिनी मनःकामना ३० अंगुल लंबा २० अंगुल चौडा भएको मनोहरताले भक्त जनलाई समीपमा गए-पछि घर तर्फ फर्कौं न फर्कौं यो भावनाले प्रेरित हुने आमाको शिला अवस्थित छ। डेढ हात लंबा चौडा कुकूरवाहन भैरवको मूर्ति छ। साथै एक हात लम्बाई १० अंगुल चौडाई मूषक-वाहन श्रीगणेशको शिला छ साथै पछाडि वेतालको शिला सुशोभित भएको छ। पुनः अष्टमातृका जसमा ब्राह्मी–माहेश्वरी–कौमारी–वैष्णवी-वाराही चामुण्डा र इन्द्रायणी समेतका अष्टमातृकाले अगल बगलमा सुरक्षित रुधिराहारी आराध्यदेवी मनः कामनाको प्रातः साँझ वैदिक र तान्त्रिक विधि विधानले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशोपचारले भक्तिपूर्वक पूजा अर्चना हुन्छ ।

आमाको अगल बगल सेना--मेना देवता उत्पत्ति हुन्थ्यो क्रमिक रूपमा बढ्दै जान्थे अनि ती सेनालाई डोलीमा हाली शुभ दिन शुभमुहूर्तमा बाजा-गाजा सहित पूजारी गुठीयारहरूले सिन्दुर यात्राले मजुवा घाट, जहाँ रानीले देहत्याग गरेको ठाउँ यदाकदा लान्थे । यो कुरा अघिका बूढा पाका पूजारीहरूले भनेको सुनिन्थ्यो। यस पछि म ९/१० वर्षको उमेरमा एक पटक यो रथ यात्रा लगेको थाहा पाउँछु । यो रथ यात्रा लगेको वा पूर्ण रूपमा बढेको पनि त्यति मलाई लाग्दैन हाल नमूना मात्र छ । ३ पुस्ता यता विभिन्न रूपमा आमाको समीपमा चतुर्मास पुराण-वाचन-कार्यमा बसिरहेछु ।

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायणशाहले उपत्यका विजयकार्यमा विभिन्न कारणवश सफल हुन नसकेकोले फिर्ता भै यीनै मनःकामना भगवतीको क्षमा अर्चना गरी पुनः काठमाडौं गई पुरुषार्थ प्रदर्शन गर्दा उपत्यका विजयको सफलता हासिल हुनाले नै राष्ट्र निर्माता-को उपाधी ग्रहण गरी बक्सेको हो। पश्चात् मनःकामना परीपूर्ण भएकोले नै तुरून्त श्रीको मन्दिरमा आई हर्षपूजा गरेको साथै आफ्नी महारानीले लगाइ राखेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ण पासा झिकी मिसाई गजुर निर्माण गरी श्रीको मन्दिरमा सजाइएको गजुर अद्यावधि विद्यमान छ ।

यसपछि कुनै समयमा मनःकामना प्रति अगाध विश्वास एवं आस्था भएका श्री ५ पृथ्वीले आफु टाढा भएता पनि मूर्ति रूपले सेवा गरी रहोस् भन्ने उद्देश्यले नै श्रीको मन्दिरमा आमाको पछाडि दुईकर जोडेका आफ्नो प्रतिमा स्थापना गर्नु भएको हो । यति मात्र नभई आज भन्दा १०० वर्ष अघिको कुरो हो काठमाडौं ठमेल निवासी एक जना भट्टराई ब्राह्मणले–

आमा भनि बाल मुकुन्दले पनि ।
रुंदा रुंदामा जननी तिमी बनि ।।

निकै लामो भक्ति रसले परिपूर्ण भएको भावुक बालपुकार कविता रचना गरी सोही श्लोकको अनुष्ठानले आमाको दर्शन सिद्धि पाएको लेख रचना हाल लेखक सँगै छ ।

राष्ट्रमा यदाकदा आकस्मिक प्राकृतिक अनिष्ट घटना वा उल्कापात आदिको प्रकोपमा उनै मनः-कामनाले रक्षा गर्नु भएकोछ । गोरखा काली छिप्केश्वरी माई इच्छा कामना (कुरिन घाटको समीप) समेत दैवी शक्ति अन्तर निहित हुँदा स्वयं जाई त्रिशुली मर्स्याङ्गदोको संगम (हाल मुग्लीङ) त्रिवेणमा सम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्याको समाधानको लागि देवी सभा हुने गर्दछ भन्ने कुरा पनि पुरातनीय लेखबाट नभेटाइएको होइन ।

परापूर्वदेखि आजसम्म माई मनकामनाको दैनिक हज्जारौं दर्शनार्थी नर नारी आवाल वृद्धहरूको अपार भिडका साथ सदा पूजा–आजा भैरहन्छ ।

अन्तमा यी जगन्माता मनःकामना भगवती नेपाल र नेपालीको मात्र नभई समस्त विश्व शान्तिको लागि सदैव अनुकूल बनून् । अस्तु: ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनःकामनाका दुई महान् पर्व

प्राचीन राजधानी गोरखादेखि करीब २१ किलोमिटर दक्षिणमा मगर जातिको बसोबास भएको एक गाउँछ । यहाँ मगर भाषा बोलिन्छ । त्यस गाउँलाई सो भाषामा काफ्याक भनिने रहेछ । यसको शाब्दिक अर्थ आधा हो । उक्त स्थान मन्दिर निर्माण हुनु भन्दा अघि दुई मुखियाका सजिया रैत्ति मानिदारहेछन् । भाग लगाउँदा काफ्याक काफ्याक भन्दा अपभ्रंश हुँदै कफेक भएको पाइयो। वि.सं. १८२६ सम्म पनि दैवी शक्तिको पूर्ण रूपेण परिचालन भई आएको बुझियो । यसै क्रममा भक्त जन मानसको मनःकामना परिपूर्ण गर्न कफेक गाउँमा शिलाका रूपमा भगवती प्रादुर्भाव भएपछि श्रीचरण–विलासी लखन थापा त्यहाँ पुगी आमाको सेवा हर तरहले गरी आफूसंग भएको तान्त्रिक विद्या आदि दुबैमा भावि सन्ततिलाई सक्षम बनाई परम्परा पनि कायम गरी आफु वृद्ध हुँदै गएबाट काशीवास गए। धेरै वर्ष पछि पूजा-आजामा भूलचूक भयो कि कसो हो वि. सं.१८३० को शुरूमा मन्दिरमा दिउसै तर्साउन लाग्यो। जनता भयभीत हुँदै राष्ट्र निर्माता श्री ५ पृथ्वी नारायणका हजूरमा जाहेर गरेछन् । मौसूफबाट गुभाजु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू पठाई तान्त्रिक विधि विधानले क्षमा पूजा गरे पछि शान्त भयो। पश्चात् सरकारबाटै गोरखा दरबारमा वडा दशैं चैत्र दशैं सरह नित्य पूजा चलाई नैमित्य पूजालाई अक्षता भूजा सहित चलाउन र विशेष पूजा मार्ग कृष्ण पंचमी र जेष्ठ कृष्ण पंचमी कसरबाट खर्च गर्न गुठी जग्गाको व्यवस्था भयो। अद्यावधि कार्तिक शुक्ल र वैशाख शुक्ल चतुर्दशीका दिन काठमाडौं असन बौद्धबाट गुभाजु कुसुले र गुठीसंस्थानबाट कर्मचारी खटी आउँछन्। उनीहरूको कार्यावधि १० दिनको हुन्छ। अर्थात् अष्टमीमा फर्कछन्। उक्त अवधिमा १३ बोका ३ राँगाको बली पूजा हुन्छ। सो पंचमी गोरखा-दरबारको फूलपाती जस्तै यो गुठीको आफ्नै विशेषता छ। गुरु पुरोहित गुठियारहरू गुठी घरमा उपस्थित भई गुठी पूजा वँड्याइन्छ। यो पूजा गरेको समयमा दर्शन गर्न मात्र पाए पनि जीवन मुक्ति पाइन्छ भन्ने जन मानसमा अटल विश्वास छाएको छ। हुन पनि गुरुवर्ग पूजाहारीहरूले वैदिक विधानले र गुभाजुबाट तान्त्रिक विधिले प्रहर प्रहर आवरण पूजा हवन भई रहँदा आमा त्यस दिन तेजोमय शक्तिले धपक्क बलेको अनुमान गरेमा अत्युक्ति नहोला। आज आमा खुशी हुने दिन हो भनी फूलका डोली आदि चढाउन ताँती लाग्दछन्। यसरी पंचमीको मेला सु–सम्पन्न गराइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाकाली

निजेच्छाले सृष्टि स्थिति प्रलय गर्दै भुवनको
दया गर्दै हर्दै भयद ग्रह–पीडा स्वजनको
शिला भै बस्ने हे भुवन जननी हे भगवती
सदा हाम्रा तिम्रा चरण तिर जाउन् गतिमति ।।

महालक्ष्मी

तिमी ढुङ्गा हैनौ प्रकृति अपरा जन्म-रहिता
तिमी धाता माता भुवन जननी शान्ति सरिता
तिमी नै हौ तुष्टि त्रिगुणमयी पुष्टि प्रकृति
सबैको रक्षामा बनन सदया विश्व जननी ।।

महासरस्वती

नतोऽहं हे अम्बे असुर दलने शक्ति सबले
नमस्ते हे विन्ध्याचल शुभनिवासे अतिबले
नजानी माताको असल महिमा नम्र हुन गै
म अर्पन्छु श्रद्धा चरण-युगमा हार्दिक सधैं ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारी

मुमा साक्षात् लक्ष्मी अमर पुरकी श्री अधिथियौ
कुमारी संज्ञाले यस मुलुकमा ओर्लिन गयौ
नमस्ते हे अम्बे सकल जनमा शक्ति भरिद्यौ
समस्या निर्धाको जति छ सहसा पार गरिद्यौ ।।

भैरव

प्रभो सेता काला विविध रंगका भैरव बनी
डटेका हे शम्भो जगत करुणा गर्दछु भनी
भरोसा तिम्रै लो कन सब अडेको छ जग यो
नमस्ते श्रद्धाले गर अब क्षमा भैरव विमो ? ।।

गणेश

तिमी नै हौ स्वामी सकल गणका हे अधिपते
तिमी नै हौ स्वामी सकल निधिका हे सुखनिधे
नमो विघ्नध्वंशिन् सकल जनको विघ्न हरिद्यौ
समाई त्यो दुर्वाङ्कुर भय बढारी अभय द्यौ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेताल

सधैं घुम्छौ फिर्छौ शिव गण संगै हे शिव प्रिय
गरी देऊ रक्षा मुलुक भर वेताल सदय
झुकी पूजा–आजा तिर सकल लाग्छन् प्रति दिन
विपद् भागून् सारा सकल सुख पाऊन् दिन दिन

अष्ट–मातृका

कुमारी वाराही कति पय लिई रूप जननि
हिंडेकीछ्यौ रक्षा सब मुलुकको गर्दछु भनी
गरी पूजा–आजा जतिजन रहन्छन् भुवनमा
सबै हाँसून् बांचून् प्रतिदिन लिई शान्ति मनमा

क्षेत्रपाल

नमो भूतस्वामिन् निशिचरपते क्षेत्रपति हे
चतुःषष्ठी देवी मरुतगण आराधित प्रभो
तिमी हिंड्दा डुल्दा सबतिर गरी याद खतरा
हटाई देऊ है स्वजनकन ठानेर बबुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नम वक्रेश्वराय

समस्त ब्रह्माण्ड स्थिति विलय सृष्ट्यादि सबको
तिमी नै हौ हेतु प्रकृति पुरूषाराधित विभो
शिला भै ओल्यौं हे शिव गहन यो जंगल मुनी
सबै लाटा लाटी शिशुकन सुवाणी दिन भनी ॥

प्रभो शम्भो हाम्रो जनक जननी बालक सबै
गरी रक्षा ह्यौं रिपु भय संधै तुष्ट हुन गै
सबै पाऔं शम्भो पशु धन र धान्य प्रतिदिन
नमो भोले शम्भो शिवतर नमस्ते छिन छिन ॥

जटाजूटे भोले पशुपति र वक्रेश्वर हर
सबै छौं अज्ञानी शिव अब सबैमा मतिभर
तिमी यौटै हामी सकल जगका छौ शरणद
नमस्ते हे शम्भो पुनरपि नमस्ते त्रिनयन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मनकामनाका पूजाहारी
इन्सान बहादुर थापा मगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजाहारी इन्सान बहादुरको संक्षिप्त परिचय–

लखन थापाका सत्रौं पुस्तामा पिता लोक बहादुर थापा माता माहिलीका गर्भबाट २०१८ साल आश्विन महीनामा काफेक गाउँमा निजको जन्म भयो । लोक बहादुरका दुई छोरा मध्यं जेठो इन्सान बहादुर र भाई रमेश बहिनी निर्मला हुन् । पठन पाठनमा निम्न माध्यमिक शिक्षा सम्मन हासिल गर्दा गर्दै ८ वर्षको उमेर हुँदा पिताजीको देहान्त भएको र माताका पाउमा सेवा भावमा रत हुनु परेको हुनाले यसभन्दा बढी शिक्षा हासिल गर्न अवसर प्राप्त भएन । पश्चात् वि. सं. २०३५ साल वैशाख महिनामा गोरखा हरमटारी काजीजर्गाको छोरी सानुसंग शुभ विवाह भयो । निज धर्मपत्नीबाट तीन छोरो समेत पाँच जनाको परिवार माईका नित्य पादसेवीको रूपमा सर्मापत छन् । आमाका असीम निगाहाले २०४० साल भाद्र २ गतेबाट परम्परागत पूजाहारीका नामले गहन जिम्मेवारी वहन गर्दै मनसा वाचा कर्मणा सेवा भाव गर्ने सो अवसर माताले दिलाइन् । अन्ततो गत्वाः यी नै माताको कृपा, बाट सद्बुद्धि र शक्ति प्राप्त गर्दै जनसमक्ष समेत सेवा भाव पुष्ट्याउन पाउँ भन्ने निज पूजाहारीको प्रार्थना रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पं. विष्णुहरि मरहट्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकको परिचय

वि.सं. १९९१ साल कार्तिक ४ गते बुधबार पिता कविराज चूडाकान्त,माता दीर्घ कुमारीका गर्भबाट निजको जन्म भएको हो । तर माताको नाम दीर्घ कुमारी नाम-करण त्यति सार्थक भएन, बालक ४ वर्षको उमेरमा मातृस्नेह र ममताबाट वञ्चित हुनु पर्‍यो । अनाथ बालकको लालन-पालन हजुर मुमाबाट,शिक्षादीक्षा २०१८ सालमा बनारस संस्कृत विश्व विद्यालयमा साहित्य संपूर्ण-पूर्वमध्यमा परीक्षामा सम्मिलित । ०१४ सालमा नर्मल तालिम प्राप्त गरी ०१५ सालबाट प्राथमिक विद्यालयमा अध्यापन कार्यमा । "सेवा हि परमो धर्म" यस उक्ति अनुसार निर्माण तथा रचनात्मक कार्यहरुमा संलग्न रही– ०१४ सालमा श्री चतुर्माला प्रा. वि. मुचोकमा सेवारत हुंदा त्यस ठाउँमा पानीको अभाव र त्यो पनि गलगण्ड आउने हुनाले सो आवश्यकतालाई महसूस गरी जिल्ला विकास वोर्डबाट आ. स. लिई सो परिप्रेक्षमा ठिमीका नेवार कुमाललाई माटाको पाइप बनाउन लगाई सो बाट मूलको पिउने पानी जन समक्ष ल्याउन योगदान दिएको । ०२२ सालमा सिजालो प्रा. वि. मा हुँदा ताकलुङ ठगुवाटारमा पनि यस्तै पानीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभाव देखेर जि. पं.बाट अनुदान लिई खोल्साको पानी कुलो काटेर ल्याई पानी पिउन र सिचाई कार्यमा समेत मद्दत गर्न सफल भएको । हाल सो सिंचाई विद्यमानछ। ०२६ सालमा शिक्षा सदन चोरकाटेमा कार्यरत हुँदा प्रा. वि.लाई मिडिल बनाउन श्री जित बहादुर कुमाल समेतको प्रयत्नबाट सक्षम भई मिडिल चलाएको । पश्चात् ०३४ साल मुन्थला प्रा. वि. मा बस्दा पिउने पानीको लागी स्थानीय विकासलाई अनुरोध गरी समस्या सुल्झाएको ।

धार्मिक क्षेत्रतर्फ :–

०४० सालमा सनातन धर्म सेवा समिति गोरखा शाखा खोली सो शाखामा संरक्षक भई रानी वनमा धर्मशाला बनाउन जनसहभागिता जुटाई गोष्ठी प्रवचन दिंदै आएको । ०४३ सालमा सनातन धर्मोका नाताले मार्गमा र चैत्रमा मसानघाट निमेल बुङकोट घाटमा धार्मिक धर्मप्रेमी महानुभावहरू एकत्रित गरी सप्ताह र लक्ष-होम संपादन गरेको र यसै परिप्रेक्षमा दयामयी माता मनकामनाको प्रेरणाले आगामी वि. सं. २०४४ फागुन ८ गतेबाट मन्दिरमा देवी भगवत नवाह लगाई लक्षहवन गर्न कार्यमा सहयोग गर्न सहृदयी भवतहरू समक्ष विनम्र अनुरोध गर्दै रहेको । □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकको संक्षिप्त परिचय

१) पितामह– पं. रङ्गनाथ
२) पिता– पं. दोहनाथ
३) माता– श्रीमती रमादेवी
४) जन्मस्थान–सुन्दरीजल,काठमाडौं,
५) जन्म मिति– २४ श्रावण २०००
६) शिक्षा–
क) प्राथमिक शिक्षा– ब्रह्मचर्याश्रम, (मृगस्थली, पशुपति) तथा रानीपोखरी संस्कृत प्रधान पाठशाला,
ख) उच्चशिक्षा– बनारस सं. वि. वि. तथा त्रिभुवन विश्व विद्यालय, नेपाल,
ग) शैक्षिक योग्यता– वेदाचार्य, प्रथम श्रेणीमा प्रथम, (२०२३ साल)
घ) विभूषण– महेन्द्र विद्याभूषण तथा सरदार सोम प्रसाद पदक,
७) पेशा–त्रि.वि. कलेजमा २०२५।१।७बाट उपप्राध्यापक, २०३६ बाट वाल्मीकि क्याम्पसमा सहप्राध्यापक र २०४०।३।३० बाट प्राध्यापक (हाल म. सं. वि. वि. वाल्मीकि क्याम्पसमा) २०३१–३६ मा त्रि. वि. रा. वि. से. निर्देशनालयमा विविध प्रशासनिक सेवा तथा २०४१ मार्ग १५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि २०४३ १ असोज सम्म त्रि.वि. सं.अ.सं. वाल्मीकि क्याम्पसको सहायक डीन तथा क्याम्पस प्रमुख,

८) विविध सेवा– सनातन धर्म सेवा समिति काठमाडौं र मृगेन्द्र चिकित्सा गुठी स्वास्थ्यसेवा मन्दिर सुन्दरीजल आदिका माध्यमले विविध सामाजिक सेवा ।

९) नयाँपाटी गा.प. वडा नं २ तथा भद्रवास गा.प. वडा नं ५ मा खानेपानी (धारा) तथा विद्यालय निर्माणादिमा सहयोग,

१०) अरुणोदय, सुरभि, धर्म सन्देश, हैमवती, मर्यादा, बालक, स्मारिका आदि पत्र पत्रिकाको प्रकाशन र सम्पादनको कार्य ।

११) विभिन्न निकायबाट नाटक, खेलकूद, वाद विवाद, साहित्य सम्मेलन आदि प्रतियोगिता प्रशंसापत्र,कदर, प्रमाणपत्रादि सहित पुरस्कृत ।

१२) त्रि.वि. जर्नल सुरभि,धर्म सन्देश, रमझम, शंखध्वनि, ने.रा.वि., मर्यादा, हैमवती,गोरखापत्र, नयाँ सन्देश, वाणी–साधना, बालक, प्रफुल्ल हृदय, माया र ममता,अरनिको आदि पत्र पत्रिकाहरूमा अनुसन्धान, वार्ता,चर्चा,निवन्ध अनुवाद, कविता आदि शताधिक रचना प्रकाशन ।

१३) "वैदिक शासन पद्धति (वैदिक राजतन्त्र)" विषयमा पीएच्. डी. (बनारस) कार्य पूर्ण गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माताको सौजन्यमा चन्द्रमुखी रानीमाई मनकामना नामक पुस्तक पहिलो र दोस्रो संस्करणमा आर्थिक सहयोग गर्ने महानुभावहरूको नामाङ्कित यस प्रकार छ ।

तपसील

पहिलो प्रकाशनमा

१) विश्व विक्रम शाह	रू.	४०००/-
२) कृष्ण बहादुर राना मगर	रू.	१५००/-
३) अर्जुन बहादुर सिंह	रू.	१०००/-
४) दयाराम खरेल	रू.	२००/-
५) मान बहादुर राई	रू.	२००/-

दोस्रो प्रकाशनमा

१) कृष्ण बहादुर राना मगर	रू.	१०००/-
२) भाइराम मानन्धर	रू.	१०००/-
३) दयाराम खरेल	रू.	५००/-
४) मचाकाजी महर्जन	रू.	५००/-
७) जी.एन. मानन्धर	रू.	५००/-
८) हारती माता	रू.	२०१/-

आवास :– गोरखा बजार, गोरखा

सम्पर्क स्थान :–

C/O भक्त कृष्ण बहादुर राना मगर
ओङ्कार निवास, गोङ्गबु महादेवटार
वडा नं. ७, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री मनकामना श्री वक्रेश्वर महादेव श्री सिंह

श्री शाके १०८५ वैशाख सुदी १५ रोज ४ स्वस्ति श्री गिरीराज चक्रचूडामणी नारायणत्योदी विविध विरूधावली विराजमान मान्बोत श्री मन्महाराजा धिराज श्री श्री श्री मत् पृथ्वी नारायण शाहदेवले वक्राङ्का शेराको वहा खराउका मुरी २०० लागायत सुग खेत .... कन गुठ चढायाँ यस षेतका धान मध्ये...... कन राजको व्याहाँना माना १/१ अक्षता नैवेद्य..... स्वर कक ब्याहाँना मैं माना १ अक्षता बेलुका मुठी ५ धुप राती फूलपाती खराउ खत्त चन्दन नैवेद्य......स्वर कन ब्याहाँना मैं माना १ अक्षता धुपदिप राती नैवेद्य ठूला दशैमाता राँगो १ बोका १......कन बोका १ बाह्रै १२ पुर्णिमाका० बोका १२ चैत्य दशैंमाँहाँ बोका १ यती सबै यसै गुठ मध्य काम गर्न फिरी रोजको ४ मान परेवाको आहारा गर्नु यसै गूठ मध्य ।। ।। यस बातका साक्षी यूवराज प्रताप सिंह शाहदेव सम्बत् १८१० शुभम् भुयात/

रोजीन्दा श्रीका नित्य पूजाको वैशाख १ गते देखि ऐ चैत्र मसान्त सम्मको दाम ६६५। पूजाखर्चा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

सह

रू
ट
ना
त्त
म-
म
रक
ाम
र्ती-
पनि
संग
र्जन
ंस)
डौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३)

...प्रेसको निवेदन

सह

आद्या-शक्ति माता मनकामनाका कृतिहरू संबन्धित मन्दिरका पं० विष्णुहरि मरहट्टाज्यूबाट तयार पारिएको श्री चन्द्रमुखी रानीमाई मनकामना पुस्तक लेखन-क्रीया तयार पारी छपाईको निमित्त काठमाडौं आउनु भएको रहेछ। जगदम्वाको परम-भक्त हुँदा देवीका कार्य गर्ने सुअवसर पाएकोमा म आफ्नो जीवन धन्य संझन्छु।

साथै यस पुस्तिकाको लागि सक्दो प्राविधिक सहयोग गरि दिनु भएका यस प्रेसका साथीहरू श्री श्याम कृष्ण महर्जन, श्री तीर्थ मानन्धर र श्री जयराम कार्की-लाई भित्री हृदयदेखि धन्यवाद दिन्छु।

अन्त्यमा यस्ता चरित्रहरू आउदा दिनमा पनि सेवा गर्दै जान पाउँ भनी मनकामना भगवतीसंग प्रार्थना गर्दछु।

ओम कृष्ण महर्जन
(गणेश प्रिन्टिङ्ग प्रेस)
रणमुक्तेश्वर, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Acc. No. 17135
Class No 291·211 Book No MAR.
Author मरहट्टा, विष्णुहरि
Title चन्द्रमुखि रानीगाई मनकामना एक परिचय

Due on	Borrower's Name	Returned on

291.211
MAR
17135

महेन्द्र संस्कृत विश्वविद्यालय
बाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding. MIDF



तिउरे भन्ज्याङ्ग/लखन थापा घरतर्फ आईरहँदा चेली बेटीसंग अन्तिम भेट ।

मुद्रक:- गणेश प्रिन्टिङ्ग प्रेस, रणमुक्तेश्वर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu